मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




सुरक्षाकर्मी फिर्ता निर्देशन
पृष्ठ ३ मा

वर्ष १ | अंक ४९ | २०७९ साल पुस १३ गते बुधवार | Wednesday 28, Dec. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-

## मुख्यमन्त्रीका दाबेदारहरु केन्द्रको मुख ताक्दै

### पुस १५ पछि दलका नेता छान्ने सत्तारुढ गठबन्धनको तयारी

मधेशदृष्टि
जनकपुरधाम, पुस १२।




केन्द्रमा भएको सत्ता समीकरण हेरफेरले अन्य प्रदेश सहित मधेस प्रदेशको राजनीतिमा पनि नयाँ तरंग उत्पन्न भएको छ।

संघीय सरकार गठन अघिसम्म कांग्रेस नेतृत्वको गठबन्धन आबद्ध दलहरुको प्रदेश सरकार बन्ने अवस्था थियो। सोही अनुसार ती गठबन्धनसँग आबद्ध दलहरु सरकार नेतृत्वको तयारीमा थिए। तर सत्ता समीकरण परिवर्तनपछि एमाले नेतृत्व आबद्धहरु तयारीमा जुटेका छन्। हुनत कांग्रेस गठबन्धनमा रहेका दलहरु सत्ता समीकरण फेरिएपछि तिनीहरु एमाले गठबन्धनमा प्रदेश सरकारमा दाबेदारी गरेका छन। कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नेकपा (एस) बाहेक प्रदेशमा प्रतिनिधित्व मध्येका एमाले, जनता समाजवादी पार्टी (जसपा), माओवादी केन्द्र, जनमत पार्टीले प्रदेश सरकार नेतृत्वमा दाबी गरिरहेका छन।

संघकै मोडलमा यहाँ पनि नयाँ गठबन्धनबाट प्रदेश सरकार बन्ने देखिन्छ। तर कुन दलले मुख्यमन्त्री लिने भन्ने टुंगो छैन। केन्द्रबाट सत्ता गठबन्धनले कुन प्रदेश कुन दलले लिने निर्णय गरेका गर्न नसकेको कारण मधेस पनि केन्द्रकै बाँडफाँड निर्णयका लागि कुरेर बसेको छ।

केन्द्रमा जस्तै यहाँ पनि सरकारको नेतृत्वका लागि तयारी गरिरहेको नेपाली कांग्रेसले प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्नुपर्ने अवस्था बनेपनि सहमतिमा सरकार गठन गर्न सक्ने आशमा छन।

मधेस प्रदेशमा कुनै पनि दलले प्रदेश सभा दल नेता चयन गरेका छैनन्। संघीय सरकार गठनअघिसम्म कांग्रेस नेतृत्व गठबन्धनमा रहेका दलहरु केन्द्रकै निर्णयका लागि पर्खेका थिए भने सरकार गठनपछि सत्तारुढ गठबन्धनमा रहेका दलहरु पनि केन्द्रिय गठबन्धन बाँडफाँड पर्खाईमा संसदीय दलको नेता चयन गर्न सकेको छैन।

प्रदेश बाँडफाँड निर्णयको पर्खाईमा बसेपनि मुख्यमन्त्री पदका दाबेदार सत्तारुढ गठबन्धनका एमाले, जसपा, माओवादी र जनमत पार्टी पुस १५ गते हुने सांसदहरुको शपथ ग्रहणपछि दलको नेता चयन गर्ने तयारी थालेका छन।

मुख्यमन्त्री पदका लागि एमाले र माओवादी दाबी गर्दा केन्द्र तथा अन्य प्रदेशहरुमा तिनीहरु नै सबै थोक पाउने भएकाले आफूहरु मधेश प्रदेशको नेतृत्व पाउनुपर्ने भन्दै जनमत पार्टी र जसपाले आफ्ना दाबी प्रस्तुत गरिरहेका छन। जसपाका प्रवक्ता मनिष सुमनले भने केन्द्रमा प्रधानमन्त्री माओवादीले पायो, एमाले राम्रा सबै मन्त्रालय लियो, मधेश बाहेक सबै प्रदेशमा तिनीहरुले नै पाउने भएकाले मधेश प्रदेशमा आफ्नो पार्टीका दाबी रहेको छ।

त्यस्तै जमनत पार्टीका प्रवक्ता बिपी साहले पनि केन्द्र देखि ६ वटै प्रदेशमा तिनीहरुकै सरकार नेतृत्व रहेको कारण प्रदेशमा आफ्नो पार्टीले एकल १३ सिट ल्याउन सफल भएकाले आफूहरुले नेतृत्व पाउनुपर्ने दाबी गरेका छन।

यता एमालेका सांसद रामचन्द्र मण्डलले भने प्रदेशमा ठूलो दल आफ्नो पार्टी भएको कारण सैद्धान्तिक रुपमा पनि मधेश प्रदेशको पनि नेतृत्व आफ्नै पार्टीले पाउनुपर्ने हो। त्यस्तै माओवादी केन्द्रका सांसद भरत प्रसाद साहले पनि आफ्नो पार्टीले प्रदेशको नेतृत्व पाउनुपर्ने दाबी गरेका छन्।

तर एमालेका एक नेताका अनुसार पार्टीले यहाँ सभामुख लिएर जसपा वा जनमत मध्येका एकलाई मुख्यमन्त्री दिन सक्छ। 'को मुख्यमन्त्री हुने र कसले कुन मन्त्रालय पाउने हो भन्ने कुरा केन्द्रिय गठबन्धनले बाँडफाँड गरे अनुसार हुनेछ। उनी भन्छन जसपालाई नै मुख्यमन्त्री दिनेमा पार्टी लचक देखिन्छ तर जनमतले पनि दाबी गरेकाले समस्या भएको हो।

जसपाबाट मुख्यमन्त्रीका दाबेदार वर्तमान मुख्यमन्त्री लालबाबु राउत, निर्वतमान सभामुख सरोजकुमार यादव, पुर्व उपनेता रामआशिष यादव, जनमतबाट शतिशकुमार सिंह, पार्टी पार्टी उपाध्यक्ष बसन्त कुशवाहा, महासचिव चन्दन सिंह, एमालेबाट रामचन्द्र मण्डल, राजकुमार लेखी, शारदादेवी थापा, सरोज यादव माओवादी केन्द्रबाट भरतप्रसाद साह रहेका छन्।

पछिल्लो कार्यकाल सफलतापुर्वक चलाएकोमा अनुभवको आधारमा आफ्नो दाबेदारी रहेको जसपबाट मुख्यमन्त्री राउतले बताएका छन। सोही पार्टीबाट निवर्तमान सभामुख सरोज कुमार यादवले जसपा टुक्रिंदा पार्टी अध्यक्षले आफूसँग गरेको प्रतिबद्धता र सभामुख पद कुशलतापुर्वक सफल गरेकोमा आफ्नो दाबेदारी रहेको बताउँदै आएका छन।

प्रदेश सरकार गठनको विषयमा औपचारिक छलफल हुन बाँकी रहेकाले नेतृत्व र - बाँकी पृष्ठ ६ मा

## आफ्नै काकीको हत्या आरोपमा युवक पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, पुस १२।

आफ्नै काकीको विभत्स हत्या गरेको आरोपमा धनुषा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्लाको विदेह नगरपालिका वडा नम्बर-७ बेलापट्टि बस्ने २० वर्षीय दिलिप साह रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

आइतबार साँझ ५ बजे विदेह नगरपालिका-७ बस्ने श्रीराम साहकी ३० वर्षीया श्रीमती कविता देवी साहको आफ्नै सुत्ने कोठामा मृत भेटिएको थियो। सो बेला करेन्ट लागेर मृत्यु भएको भनिएको थियो भनिएको थियो। मृतकका श्रीमान श्रीरामले सुरुमा करेन्ट लागेर कविताको मृत्यु भएको भनेपनि प्रहरीले घटना शंकास्पद देखेपछि प्रारम्भिक अनुसन्धानको क्रममा हत्या भएको प्रहरीले आशंका गरेका थिए। जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको अनुसन्धान टोलीले मृतक कविताको अनुहारमा गम्भिर चोट लागेर रक्ताम्य तथा अर्धनग्न अवस्थामा शव रहेकोमा विशेषज्ञ सहितको टोलि घटनास्थलमा ल्याई अनुसन्धान गर्दै जाँदा मृतकको जेठाजुका छोरा दिलिपलाई शंकास्पद अवस्थामा पक्राउ गरियो। प्रहरीले पक्राउ परेका दिलिपको हातको बुढि औंला तथा घाँटिको भागमा स-साना चिछोरीएको जस्तो दाग देख्नुका साथै उनको शरीर खान तलासी भित्री लुगा (अन्डर वेयर) बाट कविताले प्रयोग गर्ने मोबाइल फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदिप बहादुर क्षेत्रीले जानकारी दिए। साहले घटनाका बेला लगाएको जिन्स पाईन्ट र भेस्ट पनि रगत लागेको अवस्थामा उनको ब्याग भित्र फेला परेको उनले बताए।

पक्राउ परेका साहलाई जिल्ला आदालत धनुषाबाट कर्तव्य ज्यान मुद्दा शिर्षकमा म्याद लिई थप अनुसन्धान थालिएको प्रवक्ता क्षेत्रीले बताएका छन। घरायसी विवादमा बाँसको मुङ्गो प्रहार गरी कविताको हत्या भएको बताइएको छ। तर करेन्ट लागेर उनको मृत्यु भयो भनेर श्रीमान श्रीराम साहसहितका व्यक्तिहरु घटना लुकाउने प्रयास गरेको थियो।

धनुषाका प्रहरी प्रमुख एसपी विश्वराज खड्काले घटनामा संलग्न रहेको आरोपमा ६ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गर्दा दिलिप अभियुक्त देखिएको बताए। अनुसन्धानको क्रममा पक्राउ पर्नेमा मृतकको श्रीमान पनि रहेको छ।सो घटनामा घाइते उनका १४ महिनाका छोरा कार्तिक कुमार साहको उपचार काव्या अस्पताल जनकपुरधाममा भइरहेको जनाइएको छ।

## चार वर्षमा पनि बनेन् कटहरिया पुल



आरके श्रीवास्तव
गरुडा, पुस १२।

विगत चार वर्ष देखि पुल निर्माण हुन नसक्दा रौतहटको गुजरा नगरपालिकाको खतबहिया कटहरीया जोडने सडक खण्डमा पुल निमार्ण हुन नसक्दा स्थानीयलाई निकै सास्ती खेप्नु परेको छ।

दैनिक हजारौको संख्यामा आवतजावत गर्ने सर्वसाधारणहरुले पुल निर्माण नहुँदा दुई किलोमिटर लामो बाटो भएर दैनिक आवतजावत गर्न बाध्य छन्।

सुख्खा मौसममा पुल नजिकैको बाँसको लच्का निर्माण गरी आवत जावतक गरेपनि वर्षातको बेला दुई किलोमिटर टाढाको बाटो रोजेर गन्तव्य स्थानसम्म जानुपर्ने बाध्यता रहेको स्थानीय प्रल्हाद साहले बताए।

गुजरा नगरपालिका वडा नम्बर ६ खतबहिरा टोल र कटहरिया नगरपालिका २ छेदी चौक बजार जोड्ने मुख्य सडकमा निमार्णाधिन पक्की पुल ठेकेदारको लापरवाहीका कारण विगत चार वर्ष अहिले अलपत्र अवस्थामा रहेको स्थानीय बासिन्दारुले बताएका छन्।

पुलको निमार्ण कार्य दुई वर्ष ३ महिनामा सम्पन्न गर्ने लक्ष्य सहित ठेक्का लिएको ठेकेदारले विभिन्न बहाना बनाई हालसम्म निमार्ण कार्य अधुरो राखेका छन्। पुल
- बाँकी पृष्ठ ६ मा

प्रदेश सभा सचिवालय
मधेश प्रदेश, जनकपुरधाम

प्रदेश सभा सदस्यको शपथ ग्रहण कार्यक्रमा उपस्थित हुने सम्बन्धी

अत्यन्त जरुरि सूचना

प्रकाशित मिति: २०७९/०९/११

नेपालको संविधानको धारा १७९ बमोजिम प्रदेश सभा सदस्यले प्रदेश सभा वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि प्रदेश कानून बमोजिम शपथ लिनुपर्ने भन्ने व्यवस्था रहेको छ। नेपालको संबिधानको धारा १८२ को उपधारा (५), प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम प्रदेश सभाको अध्याक्षता गर्ने माननीय ज्येष्ठ सदस्यले देहायको मिति समय र स्थानमा प्रदेश सभाका माननीय सदस्यहरुलाई गराउनु हुने शपथ ग्रहण कार्यक्रममा निर्बाचन आयोगबाट प्राप्त प्रदेश सभा सदस्यको प्रमाण पत्र (सक्कल तथा एक प्रति प्रतिलिपि), नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि एवं हालसालैको पासपोर्ट साईजको फोटो दुई प्रति सहित दुई घण्टा अगावै राष्ट्रिय पोशाक वा आ-आफ्नो सांस्कृतिक पहिचान झल्कने पोशाकमा उपस्थितिको लागि सम्पूर्ण माननीय सदस्यहरुलाई अनुरोध गर्दछु।

प्रदेश सभाका कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहनु भएमा त्यस्तो सदस्यले शपथको ब्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रतिसहित प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ को उपदफा (२) बमोजिम तीन दिन अगावै प्रदेश सभा सचिवालयमा उपलब्ध गराउन हुन समेत यो सूचना प्रकाशित गरिएको छ। साथै सबै जिल्ला प्रशासन कार्यालयले यसै सूचनालाई आधार मानी आ-आफ्नो जिल्लाका प्रदेश सभाका माननीय सदस्यहरुलाई उल्लिखित जानकारी गराइदिने व्यवस्था हुन समेत अनुरोध गरिन्छ।

शपथ ग्रहण हुने मिति, समय र स्थान:
**मिति** :- २०७९ साल पुस महिना १५ गने शुक्रवार।
**उपस्थिति हुने समय** :- दिनको ११:३० बजे।
**स्थान** :- प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम।

रंजित कुमार यादव
सचिव

लोटस कोचिङ्ग सेन्टर
सीता चौक, जनकपुरधाम-१

नेपाल विद्युत प्राधिकरणको लोक सेवा तयारी कक्षा
दक्ष एवम् अनुभवी प्रशिक्षकहरु द्वारा कक्षा सञ्चालन

इलेक्ट्रिकल सुपरभाईजर तह-५
इलेक्ट्रिकल फोरमेन तह-४
इलेक्ट्रिसियन तह-३

हाम्रो सुविधाहरू यस प्रकारका छन:-
१) Online class को व्यवस्था।
२) यस कोचिङ्ग सेन्टरमा पढ्ने सम्पूर्ण विद्यार्थीहरुलाई परीक्षाको समयमा रुटीन निस्किसकेपछि हुने Commando Class Free मा गराइनेछ।
३) प्रत्येक शनिवार लिखित तथा वस्तुगत बहुउत्तर Model Exam लिइने व्यवस्था।
४) पाठयक्रम अनुसार लोक सेवा Exam लिखित तथा Objective मा मिल्न सक्ने खालको नेपाल टप नोटको व्यवस्था।
५) नियमित कक्षाको साथ-साथै ने.वि.प्रा. को लोक सेवा आयोगमा अहिले सम्म सोधेका सम्पूर्ण Question bank तथा Question bank solution को व्यवस्था।
६) लिखित परीक्षामा नाम निकालेको विद्यार्थीहरुलाई नि:शुल्क अन्तरवार्ता class को व्यवस्था।
७) अहिलेसम्म लोटस कोचिङ्ग सेन्टरबाट सबभन्दा बढी विद्यार्थी ने.वि.प्रा. मा जागीर खान सफल भएको नेपालको पहिलो कोचिङ्ग सेन्टर हो।

कक्षा सञ्चालनहुने समय
पहिलो शिफ्ट : बिहान ६:00 बजेदेखि ८:00 बजेसम्म।
दोश्रो शिफ्ट : साँझ ६:00 बजेदेखि ८:00 बजेसम्म।
नमुना परीक्षा : प्रत्येक शनिवार बिहान ८:00 बजे

सम्पर्क स्थान
लोटस कोचिङ्ग सेन्टर
स्थान : सीता चौक, जनकपुरधाम-१
फोन नं. ९८०४८२०७२०, ९८५४०२०७२०

कक्षा सञ्चालन : २०७९ पौष २० गते देखि

# सेजमा उद्योगीले "बुकिङ" गरेका खाली जग्गा धमाधम फिर्ता गर्दै

## मासिक ७०/८० हजार जग्गाको भाडा तिर्नसक्ने अवस्था उद्योगीसँग छैन् : अध्यक्ष लाठ

शारदा पोखरेल,
बारा,पुस १२

बिशेष आर्थिक क्षेत्र प्राधिकरण सिमरा सेजमा उद्योगीले कारखाना खोल्न बुकिङ गरेका जग्गाहरु धमाधम फिर्ता गर्न थालेका छन् । आर्थिक मन्दीका कारण बैंकले लगानी गर्ने वातावरण नभएको, बुकिङ गरेका जग्गाका प्लटहरु सम्झौता गर्नासाथ चर्को भाडादर शुरु हुने भन्दै उद्योगीहरुले जग्गा फिर्ता गर्न थालेका हुन् ।

सिमरा सेजका ईन्जिनियर यज्ञराज जोशीले उद्योगीहरुले बुकिङ गरेका करिव ६० वटा प्लटहरु मध्ये हालसम्म ६ वटा प्लटमा मात्रै सम्झौता भएको बताएका छन् । '६८ वटा प्लट मध्ये अहिलेसम्म फाईनल एग्रिमेन्ट ६ वटाको मात्रै भएको छ,सेजको जग्गा धितो राख्न नपाउने र बैंकले पनि लगानी गर्न सक्ने अवस्था नभएकोले ऐन नै संशोधन गनुपर्ने धेरै उद्योगीहरुको माग छ' ईन्जिनियर जोशीले भने ' बिगतमा ३/४ वटा प्लट बुकिङ गरेकाहरुले पनि अहिले एउटा, दुईवटा प्लट मात्रै लिएका छन'

खाली जग्गामा सम्झौता गनुपूर्र्व नै ६ महिनाको भाडा एकमुष्ट बुझाउनुपर्ने र १ वर्षको बैंक जमानत समेत राख्नुपर्ने भएपछि उद्योगीहरु सेजमा आउन उत्साहित नदेखिएका हुन् ।

'सम्झौता गर्नासाथ जग्गाको भाडादर शुरु हुन्छ, यस्तो अवस्थामा खाली घाँसे मैदानको मासिक ७०/८० हजार भाडा तिरेर छोड्ने अवस्था छैन्, तपाईको आजै सम्झौता गरेर उद्योग खोल्नु शुरु गरेपनि कम्तीमा २ वर्ष उद्योग सञ्चालन गर्न लाग्छ' अध्यक्ष लाठले भने 'सरकारले जुन दिनदेखि उद्योग सञ्चालन हुन्छ त्यही दिनदेखि मात्रै जग्गाको भाडादर निर्धारण गर्नुपर्थ्यो,बैंकसँग उच्च ब्याजमा ऋण लिएर खाली जग्गाको भाडा तिर्ने हैसियत हामीसँग छैन'

सिमरा सेजले 'ए ब्लक' मा रहेको ३४३ बिगाहा जग्गा मध्ये १६० बिगाहालाई ६८ वटा प्लटमा बिभाजन गरेर जग्गा सम्झौताका लागि आउन उद्योगीहरुलाई आवह्रान गरेको छ ।

सिमरा सेजका कार्यकारी प्रमुख चण्डिका भट्टले यसअघि सेजमा ३० वटा निजी कम्पनिले ७ अर्वको लगानी भित्राउने र ८ हजारका लागि रोजगारी समेत सिर्जना हुने दावी गरेका थिए । तर, उनको दावी बिपरित उद्योगीले ओगटेको जग्गा समेत धमाधम फिर्ता गर्न थालेका छन् ।'देशमा आर्थिक मन्दी छ, भएका उत्पादनको बिक्री आधा घटेको छ, उद्योगीसँग पैसा छैन्, यस्तो अवस्थामा नयाँ कारखाना खोलेर सञ्चालन गर्नेकुरा कल्पना बाहिरको हो' उद्योग वाणिज्य संघ मधेश प्रदेशका अध्यक्ष लाठले भने । राष्ट्रिय रुपमा ब्यापार घाटा कम गर्ने र रोजगारी सिर्जना गर्ने उद्देश्यले २०७४ साल चैत १८ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले २ वर्षभित्र सञ्चालन गर्नेगरी तामझामका साथ सिमरा सेजको शिलन्याश गरेका थिए । तर शिलन्यास भएको ५ वर्षमा पनि सेज सञ्चालनमा भने आउन सकेको छैन् ।

सरकारले सेजको 'ए ब्लकमा' बैंक, बिमा, भन्सार, खाजा घर,वालवालिका खेल्ने घर, विद्युतीकरण, भित्री सडक,खानेपानी, नाला, लगायत भौतिक पूर्वाधारमा मात्रै ५ अर्व भन्दा बढी लगानी गरिसकेको छ । उद्योग सञ्चालनका लागि आवश्यक संरचना बनाए पनि खाली जग्गाको भाडा पहिलो वर्ष प्रतिवर्ग मिटर मासिक १० रुपयाँ, दोस्रो वर्ष १५ रुपयाँ र तेस्रो वर्षदेखि प्रतिवर्गमिटर २० रुपयाँ निर्धारण गरेको छ । साथै सो क्षेत्रमा उत्पादन गरेको सामग्री पहिलो २ वर्ष निर्यात गर्नु नपर्ने र तेस्रो वर्ष २० प्रतिशत,चौथो वर्ष ४० र पाँचौ वर्षदेखि कुल उत्पादनको ६० प्रतिशत भारत र चीन सहित तेस्रो मुलुकमा निर्यात गर्नुपर्ने व्यवस्था लागु गरेको छ । यदि ५ औ वर्षदेखि पनि ६० प्रतिशत तेस्रो मुलुक निर्यात गर्न नसक्ने उद्योगको हकमा आन्तरिक बजारमा बिक्री गर्न दिने/नदिने विषयमा निर्णय हुन नसक्दा उद्योगीहरु नयाँ कारखाना खोलिहाल्ने अवस्थामा छैनन् । सेजले प्रथमपटक ७ दिनको लागि मंसिर ९ गते र दोस्रोपटक १५ दिनको लागि पुष ५ गते (मंगलवार) सार्वजनिक सूचना निकालेको थियो । सो सूचनामा बिशेष आर्थिक क्षेत्र ऐन २०७३ को दफा ११ तथा नियमावलीको २०७४ को नियम ३२ बमोजिम ६ महिनाको अग्रिम भू-बहाल बापतको रकम जम्मा गरेको भौचर र १ वर्षको भू-बहाल बराबरको बैंक जमानत लिई सम्झौताको लागि ७ दिनभित्र यस प्राधिकरणमा आउन सेजले आवह्रान गरेको छ । दुईपटक छुट्टाछुट्टै मितिमा सार्वजनिक सूचना निकालेपनि उद्योगीहरुमा खासै उत्साह नदेखिएको सेजले जनाएको छ ।



जितपुरसीमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्माले बिगतको तुलनामा सेजले जग्गाको भाडादर घटाएपनि बैंकले लगानी गर्नसक्ने अवस्था नभएकोले उद्योगीहरु आउने अवस्था नभएको बताए । 'पुराना उद्योगीहरुलाई बैकंले च्यापेको च्यापै छ, नयाँ उद्योगी पनि सेजमा लगानी गर्न आईहाल्ने अवस्था छैन' अध्यक्ष शर्माले भने 'उद्योगीसँग नगद रकम छैन्, सेजको जग्गा बैंकमा राखेर कारोबार गर्न सेजले सिफारिस दिदैन' जग्गाको भाडादर चर्को भएको, उद्योगमा शान्ति सुरक्षाको ग्यारेन्टी नभएको,सेजमा सञ्चालन हुने उद्योगहरुको भू-वहाल अवधी बढीमा ३० वर्ष रहने र थप १० वर्ष थप्नसक्ने ब्यवस्था अनुसार ४० वर्षपछि उद्योगीले बनाएको भौतिक संरचना कसरी ह्यायाण्डओभर गर्ने, नेपाल सरकारको जग्गा धितो राख्न नपाउने प्रावधानका कारण बैकंवाट कर्जा पाउन समस्या हुने, सेज छेउछाउका मानव वस्तीका कारण भोलीका दिनमा द्धन्द्ध सिर्जना हुनसक्ने,सिमरा टेलिकमदेखि सेज सम्मको साँघुरो सडकखण्डका कारण सिमरा सेजमा उद्योगीहरु आउन ईच्छुक नभएको उद्योग वाणिज्य संघ मधेश प्रदेशका अध्यक्ष लाठले जनाएका छन् ।

यता,वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवालले पनि निर्यातमुलक मात्रै नभएर आयातलाई प्रतिस्थापन गर्ने खालको उद्योगहरुलाई सेजमा प्रवेश गराउनुपर्ने सुझाव दिएका छन् । 'अहिले बैकले लगानी गर्ने वातावरण छैन्, गरिहालेपनि १८/१९ प्रतिशत ब्याज तिरेर उद्योग खोल्नसक्ने अवस्था पनि छैन्,यस्तो अवस्थामा सेजले ६० प्रतिशत निर्यातको प्रतिवन्धलाई हटाएर आयातलाई प्रतिस्थापन गर्ने खालका उद्योगलाई पनि सेजमा प्रवेश गराउनुपर्दछ' वरिष्ठ उपाध्यक्ष अग्रवालले भने । वीरगञ्ज उद्योग वाणिज्य संघले जग्गाको भाडादर अझै महंगो भएको भन्दै प्रतिवर्गमिटर मासिक ५ रुपयाँ राख्नुपर्ने माग गरेको छ ।

८३३ बिगाहा क्षेत्रफल रहेको सिमरा सेजमा ए ब्लक बाहेक बि,सि, डि र ई गरेर ५ वटा ब्लकहरु रहेका छन् । जसमध्ये ए ब्लकको ३४३ बिगाहा बाहेक करिव ५ सय बिगाहा जग्गा पुरै अतिक्रममा परेको छ । विभिन्न जिल्लावाट आएका बाढी प्रभावित,सुकुम्बासी र केही जग्गा माफियाले प्रतिपरिवार १० कट्ठा देखि ५ बिगाहासम्म सेजको भोगचलन गर्दै आएका छन् ।

अतिक्रमणमा परेका संरचनाहरु हटाएर सो क्षेत्रमा उद्योग सञ्चालन गर्दा स्थानिय र उद्योगीबिच ठुलो द्धन्द्ध सिर्जना हुनेसक्ने भएकोले लगानीमैत्रि वातावरण पनि नभएको वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अग्रवालले टिप्पणी गरेका छन् ।

# लाल मोहम्मदको हत्यामा प्रयोग भएका पेस्तोल बरामद

मधेशदृष्टि
जनकपुरधाम, पुस १२ ।

गत असोजमा हत्या गरिएका मोहम्मद दर्जी उर्फ लाल मोहम्मदको घटनामा प्रयोग भएका दुई वटा पेस्तोल प्रहरीले फेला पारेका छन ।

काठमाडौंको बालाजु स्थित लोलाङ हाइटमा २ थान पेस्तोल फेला परेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । लोलाङमा ३ महिनादेखि डेरा बन्द भएपछि घरधनीले स्थानीय निकायको रोहबरमा डेरा खाली गराउँदा सो पेस्तोल भेटिएको बताइएको छ ।



'दुई थान भारतीय पेस्तोल भेटिएको छ' प्रहरी वृत्त बालाजुका एक अधिकृतले भने-'लाल मोहम्मदको हत्यापछि सुटरले पेस्तोल छाडेर गएको पुष्टि भएको छ ।' गोठाटारमा असोज ३ मा लाल मोहम्मदको गोली प्रहार गरेर हत्या भएको थियो । सो हत्या घटनामा संलग्न मध्येका ३ जना सहयोगीलाई प्रहरीले पक्राउ गरेको थियो भने ६ जनालाई प्रतिवादी बनाइएको छ ।

प्रहरी अनुसन्धानका क्रममा उक्त फ्ल्याटमा गोठाटारमा भएको लाल मोहम्मद गोलीकान्डका सुटर बस्ने गरेको पाइएको छ । 'सुटरको लोकेसन लोलाङमा पनि देखिएको थियो तर कहाँ बस्थे भन्ने थाहा हुन सकेको थिएन । पेस्तोल भेटिएपछि अनुसन्धान गर्दा उनीहरु सोही फ्ल्याटमा बस्ने गरेको भेटिएको हो', ती अधिकृतले भने ।

अनुसन्धानका क्रममा गत चैत/वैशाखमा होलसेल पसल गर्ने भन्दै उनीहरु उक्त फ्ल्याट भाडामा लिएर बसेको र केही महिनापछि उनीहरु त्यहाँबाट निस्किएका थिए भने उनीहरुको स्थानमा दुईजना आएर बसेका थिए ।' गत असोजको पहिलो साता साँझ अज्ञात समूहले लाल मोहम्मदलाई गोली हानी हत्या गरेको थियो ।

भारतमा बसेर योजना बनाउने बब्लु पासवान र काठमाडौंमा बसेर त्यसलाई कार्यान्वयन गर्ने नितिन मदनहित ६ जना फरार रहेका छन् । फ्ल्याटमा बरामद भएको पेस्तोल गोली प्रहारमा प्रयोग भएको थियो थिएन भन्नेबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । कर्तव्य ज्यान मुद्धामा जन्मकैद भएर पछि बाँकी कैद माफी मिनाहा भएर छुटेका मोहम्मदलाई किन मारियो भने प्रहरीले अझै पत्ता लगाउन सकेको छैन । तर भारतीय जाली नोटको कारोबारमा यसअघि संलग्न रहेको दावी गर्दै यस घटनामा भारतीय गुप्तचर संस्थामाथी आशंका हुँदै आएको छ ।




# घुस लिएको आरोपमा मुद्दा दायर

मधेशदृष्टि
जनकपुरधाम, पुस ११ ।

कालीकोटको खाँडाचक्र नगरपालिकामा एक कर्मचारीले गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले मंगलवार प्रेस विज्ञप्ति जारी गर्दै कार्यरत सहायकस्तर पाँचौ (नायब सुब्बा) दिपकराज देवकोटा उपर विशेष अदालतमा आरोपपत्र दायर गरिएको जनाएको छ। विज्ञप्तिमा भनिएको छ, 'जिल्ला कालिकोट, खाँडाचक्र नगरपालिकाले पोल्ट्री बंगुर फार्मसँग ४२० कुखुरा उपलब्ध गराउने गरी सम्झौता गरे तापनि नायब सुब्बा दिपकराज देवकोटाले फार्मको नाममा भुक्तानी लिई चेक लुकाएर फार्मसँग घुस/रिसवत मागेको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान गर्दा झुठा बिल भुक्तानी गराएको ठहर भएपछि रिट दायर गरिएको छ । नगरपालिकाद्वारा वडा नम्बर ३ र ४ मा लघु उद्यम विकास अन्तर्गत कुखुरापालन सीप विकास तालिम कार्यक्रममा कुखुराको साकोनी जातको चल्ला मात्र सम्झौताकर्ताबाट खरिद गरी तालिम कार्यक्रम आफैंले सञ्चालन गर्ने भनी सम्झौताको शर्त पूरा नगरी पूरा समयावधि तालिम सञ्चालन नगरी जम्मा १ दिन मात्र तालिम सञ्चालन कार्यक्रम पूर्ण रुपमा सञ्चालन भएको भनी झूटा बिल भरपाई तथा कागजात तयारी गरी भुक्तानी लिई रु. १,९७,८९५।- हिनामिना गरेको हुँदा निज नायब सुब्बा दिपकराज देवकोटाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) को देहाय (ङ) बमोजिम कसूर भएकाले निज दिपकराज देवकोटा विरुद्ध बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन बमोजिम कैद र बिगो कायम हुन आएको बिगो असूलउपर हुन मागदाबी गरिएको विज्ञप्तिमा उल्लेख छ ।

देवकोटाले पोल्ट्री बंगुर फार्मलाई १ लाख ८० हजार १८० रुपैयाँ सम्झौता अनुसार कुखुरा चल्लाको भुक्तानी दिनुपर्नेमा ३० हजार १८० रुपैयाँ चेकमार्फत घुस/रिसवतबापत लिएको देखिँदा निजले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) र ऐ.ऐ. दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम कसुर गरेकोले निजलाई ३० हजार १८० रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन अनुसार कैद र बिगोबमोजिम जरिवाना एवं रिसवत लिएको रकम समेत जफत हुन मागदाबी लिई भ्रष्टाचार निवारण ऐन बमोजिम विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको विज्ञप्तिमा उल्लेख छ ।

# सुरक्षाकर्मी फिर्ता गर्न निर्देशन

मधेशदृष्टि
काठमाडौं, पुस १२ ।



नवनियुक्त गृहमन्त्री रवि लामिछानले कार्यविधि विपरीत विभिन्न व्यक्तिको सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई ४८ घण्टाभित्र फिर्ता बोलाउन नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई निर्देशन दिएका छन् । उनको निर्देशन अनुसार मन्त्रालयले एक विज्ञप्ति जारी गरी बहालवाला तथा पूर्वकर्मचारी र सुरक्षाकर्मीले नियम विपरीत व्यक्तिगत सुरक्षाकर्मी र सहयोगी राखेको भए फिर्ता गर्न ४८ घण्टाभित्र मातहतका सुरक्षा निकायलाई भनेका छन । मन्त्रालयले ' विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि २०७७ को व्यवस्था भन्दा विपरीत सेवा सुविधा लिएको र व्यक्तिगत सुरक्षाकर्मी तथा सहयोगी राखेको भए ४८ घण्टाभित्र फिर्ता गर्न निर्देशन दिएको हो । मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले विज्ञप्ति जारी गर्दै बहालवाला तथा पूर्व कर्मचारी/सुरक्षाकर्मीहरुले कार्यविधिमा तोकिए अनुसार मात्र व्यक्तिगत सुरक्षाकर्मीको सुविधा पाउने बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदु:ख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ। नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला। अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।



महोत्तरीको सदरमुकाम जलेश्वरमा सिरक डसना बनाउँदै कालिगड । *तस्बिर: सञ्जीतकुमार मण्डल, रासस*

# आश्रित व्यक्तिको आर्थिक मोहका कारण रौतहटको एक अनाथालय आर्थिक संकटमा

विकास अग्रवाल
रौतहट, १२ पुस ।
अनाथालयलाई नै परिवार सम्झेर बस्दै आएका एक टुहुरा युवाका कारण अहिले अनाथालय आर्थिक संकटमा परेको छ ।
टुहुरा बालबालिकालाई सहारा दिने उदेश्यले सञ्चालनमा रहेको बंशीराम जयसवाल अनाथालयमा कार्यरत एक सदस्यले ललाईफकाई जग्गा आफ्नो नाममा पास गराएपछि अनाथालय आर्थिक संकटमा परेको हो । सडकमा रहेका बालबालिकाहरुको पीडा सहन नसकेर श्रीमती र छोराहरुबाट आफ्नो अंश लिएर ३० वर्ष अघि अनाथालय सञ्चालन गरेका वंशीराम जयसवाललाई सोही अनाथालयमा रहेका एक वंशीराम अस्वथ्य हुँदा पछि रेखदेख गर्ने व्यक्ति चाहिने भएकोले सोही संस्थाका कोषाध्यक्ष हृदयलालको नाममा करोडौको जग्गा पास गरिदिए । उनले टुहुरा बालबालिकाको साहारा टुहारा नै देखेपछि उनको नाममा जग्गा पास गर्ने बित्तिकै फरार भएर अहिले बेचबिखनमा लागेको आरोप संस्थापक अध्यक्ष वंशीरामले दुखेसो पोखे ।
टुहुरा बालबालिको समस्या एक टुहुरा व्यक्तिले नै बुझ्न सक्छ भनेर उनलाई अगामी दिनका लागि अनाथालय सञ्चालन गर्ने उदेश्यले मेरो नाममा रहेको करिब सवा तीन कठ्ठा जग्गा हृदयलालको नाममा पास गरिदिए अनाथालयका अहिले प्रयोग विहिन बनेपछि बिक्री गर्न ग्राहक खोजिएको छ । तेल टयाँङ्कर सञ्चालनमा आउँदा भाडाबाट राम्रो आम्दानी हुँदै आएको थियो ट्याँङ्कर प्रयोगमा आउन नसक्दा आर्थिक अभाव परेको अनाथालयले जनाएको छ ।
बेला बेला अस्वस्थ रहदै आएका ८३ वर्षिय वंशीरामलाई अझै अनाथालयमा बसोबास गर्दे आएका टुहुरा बालबालिकाको चिन्ताले सताएको छ । अनाथालयमा लामो समय देखि बस्दै आएका २७ वर्षिय हृदयलालले राम्रो गर्छ भन्ने सोचका साथ ५ वर्ष अघि २४ वर्षिय गायत्री देवीसँग विवाह समेत गराएका थिए । गायत्री पनि टुहुरा हुन् ।




व्यक्तिले धोखा दिएर जग्गा आफ्नो नाममा पास गराएपछि उनलाई अहिले निल्नु न ओक्लनु भएको छ । रौतहटको गरुडा नगरपालिका ४ स्थित वि.स. २०५१ सालमा स्थापना भएको उक्त अनाथालयमा सलार्हीको बरहथवाका ११ वर्षको उमेरमै आमाबुआ गुमाएर टुहुरा भएका हृदयलाल कुशवाहालाई गाउँकै शिक्षकहरुले रौतहटको गरुडामा रहेको वंशीराम अनाथालयमा पुरयाएका थिए । अनाथालयबाटै पढे लेखेर उनी इन्जिनियर समेत बनेका थिए । उनी अनाथालयको कोषाध्यक्ष समेत रहेका छन् । आर्थिक सहयोगमा सञ्चालनमा रहेको उक्त अनाथालयका सञ्चालक समितिका अध्यक्ष सञ्चलक वंशीरामले भने जग्गा रजिष्ट्रेसन गराएको एक साता नबित्दै उनी फरार भए । जग्गा बेच्न ग्राहकको खोजी गर्दे आएका हृदयलाल अहिले अनाथालयको सम्पर्क विहिन बनेका छन् । चार महिना अघि मात्र चार करोड मुल्य बराबरको दुई कित्ता जग्गा उसको नाममा पास गरिएको संस्थाका सदस्य हृदय नारायण यादवले बताए । ३२ जना बालबालिका आश्रित रहेको उक्त अनाथालयलाई विभिन्न नगरपालिकालहरुले आर्थिक सहयोग गर्दे आएपनि त्यो अपुग हुने गरेको संस्थापक अध्यक्ष वंशीराम बताउँछन् । आर्थिक भार थेग्न अनाथालयले सञ्चालन गरेको तेल टयाँङ्कर उनको अहिले दुई सन्तान रहेको छ ।
टुहुराले नै टुहुराको समस्या बुझ्ने सोचका साथ वंशीरामले हृदयलाल दम्पतीलाई अनाथालयमा बसोबास गर्ने बालबालिकाहरुको साझा अभिभावकको समेत जिम्मेवारी दिएका थिए । हृदयलालले भारतको देहरादुनको देवसंस्कृत विश्वविद्यालयबाट पोली इन्जिनियरिङ्को पढाई सकेर अनाथालय फर्किएका थिए । अनाथालयमा रहेका बालबालिकाको आधारभूत आवश्यकतामा राहतहोस् भन्ने उदेश्यले जिल्लाका विभिन्न व्यक्तिहरुले आफ्नो जन्मदिनमा अनाथालयलाई आर्थिक तथा खाद्यान्न सहयोग समेत गर्दै आएका छन् ।


# चिनी मिलमा विस्फोट



मधेशदृष्टि
रौतहट, पुस १२ ।
रौतहटको कटहरिया नगरपालिका ९ डुमरियामा सञ्चालनमा रहेको श्री बाबा बैजुनाथ सुगर एण्ड केमिकल्स प्रालिमा टवाइन ब्लास्ट हुँदा करोडौँको क्षति भएको छ ।
सो चिनी मिलमा मंगलबार टवाइन ब्लास्ट भएको हो । मिल संचालक बैजुनाथ साहका अनुसार उखु क्रसिङ गरिरहेका अवस्थामा अचानक टवाइन ब्लास्ट भएको थियो ।
टवाइन ब्लास्ट हुँदा झण्डै ५ करोडको क्षति भएको र हाल मिल पनि बन्द भएको उनले बताए । प्राविधिक टोली भारतबाट आउँदैछ, केही दिनमा चिनि मिल पुनः सञ्चालन हुन्छ, उनले भने । चिनि मिल बन्द हुँदा किसानले बिक्रीको लागि ल्याएको उखु अलपत्र परेको छ ।

# १७ कट्ठामा लगाइएको गाँजा नष्ट

मधेशदृष्टि
जनकपुरधाम, पुस १२ ।
बारामा प्रहरीले गाँजा फडानी अभियान जारी राखेका छन् ।
यसैक्रममा बारामा प्रहरीले निजगढ नगरपालिका वडा नम्बर १२ र १३ मा पर्ने कुलियामा लगाइएको गाँजा खेती प्रहरीले फडानी गरि नष्ट गरेको छ । निर्वाचनका कारण केहि महिना रोकिएको गाँजा खेती फाडानी अभियान फेरि शुरु गरेको हो । नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले कुलियामा १७ कट्ठा जग्गामा लगाइएको गाँजाको बोट फडानी गरेपछि जलाएर नष्ट गरेको र गाँजा रोप्ने व्यक्तिको खोजी कार्य जारी रहेको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरिक्षक राजेश थापाले जानकारी दिएका छन् ।
कुलिया ईलाका सुरक्षा वेश निजगढबाट नेपाल प्रहरीको १३ जना र सशस्त्र प्रहरी नायव उपरिक्षको कमाण्डमा खटिएको १९ सशस्त्र प्रहरी बलको संयुक्त टोलीले बाराको निजगढ ना.पा.१२ र १३ नं.वाडा अर्न्तगत कुलियाबट करिब ३० कठ्ठा भन्दा बढी जग्गामा लगाएको हजारौं गाँजाको बोट फडानी गरि नष्ट गरिएको सशस्त्र प्रहरी बाराले जनाएको छ । गाँजा तयार हुन नदिने नीतिअनुसार विगत झै यस वर्ष पनि मधेश प्रदेश भर अबैध रुपमा लगाईएको गाँजाको बोट नष्ट गर्ने अभियान अर्न्तगत सिरहाबाट सशस्त्र प्रहरीले अबैध गाँजाको बोट नष्टको अभियनको सुरुवाती गरेको वाहिनीपति एवम सशस्त्रका डिआईजी गणेश ठाडा मगरले बताएका छन । पूर्वपश्चिम राजमार्ग आसपास र विशेषगरी उत्तरी क्षेत्रका किसानहरूले प्रहरीलाई झुक्याउन चारैतर्फ उखु, रहर, तरकारी खेती लगाएर बीचको भागमा गाँजा लगाउने गरेको पाइएको गणपति सशस्त्र प्रहरी उपरिक्षक रमेश थापा निर्देशनमा १५ कठ्ठामा लगाईएको गाँजा नष्ट गरिएको थियो ।



# लागुपदार्थ ब्राउन सुगर सहित चार पक्राउ

मधेशदृष्टि
सिराहा १२ पुष ।
सिराहामा प्रतिबन्धित लागुपदार्थ ब्राउन सुगर सहित चार जना युवाहरुलाइ प्रहरीले प्रकाउ गरेको छ । जिल्लाको गोलबजार नगरपालिका ६ डोहटीयामा प्रतिबन्धित लागुपदार्थ विक्रिवितरण गरिरहेको अवस्थामा ५.५सय ४ मिलिग्राम ब्राउन सुगर सहित चारजानालाई प्रहरीले पक्राउ गरेको हो । गोप्य सुचनाको आधारमा खटिएको प्रहरी टोलीले गोलबजार नपा ६ को ३० वर्षिय दिप कुमार महरा, २५ वर्षिय पंकज कुमार महतो, वर्ष २० को शिरिल महरा र २५ वर्षिय संजय मोचिको साथबाट सेतो प्लास्टिकको स-सानो पोका बनाएको ७ थान ५.५४० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरिएको इलाका प्रहरी कार्यालयका प्रमुख 'इन्सपेक्टर' राजु केसिले जनाएको छ । पक्राउ परेका चारैजानाको साथबाट डिजिटल तराजु, विभिन्न दरका २ हजार भारतीय रुपैया, ३ हजार नेपालि रुपैया र तिन थान मोवाइल वरामद गरिएको इन्सपेक्टर केसिले बताए। पक्राउ गरिएका उपर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# लागुऔषध सहित चार जना युवक पक्राउ




मधेशदृष्टि
सिराहा १२ पुष ।
सिराहामा प्रतिबन्धित लागुपदार्थ ब्राउन सुगर सहित चार जना युवाहरुलाइ प्रहरीले प्रकाउ गरेको छ । जिल्लाको गोलबजार नगरपालिका ६ डोहटीयामा प्रतिबन्धित लागुपदार्थ विक्रिवितरण गरिरहेको अवस्थामा ३.१सय ८० मिलिग्राम ब्राउन सुगर सहित चारजानालाई प्रहरीले पक्राउ गरेको हो। गोप्य सुचनाको आधारमा खटिएको प्रहरी टोलीले गोलबजार नपा ६ को ३० वर्षिय दिप कुमार महरा, २५ वर्षिय पंकज कुमार महतो ,वर्ष २० को शिरिल महरा र २५ वर्षिय संजय मोचिको साथबाट सेतो प्लास्टिकको स-सानो पोका बनाएको ७ थान अन्दाजी ३.१८० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरिएको इलाका प्रहरी कार्यालयका प्रमुख 'इन्सपेक्टर' राजु केसिले जनाएको छ । पक्राउ परेका चारैजानाको साथबाट विभिन्न दरका २ हजार भारतीय रुपैया , ३ हजार नेपालि रुपैया र तिन थान मोवाइल वरामद गरिएको इन्सपेक्टर केसिले बताए। पक्राउ गरिएका उपर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कृषि उपजको विक्रि वितरणको जिम्मा स्थानीय सरकारले लिनुपर्ने : किसानहरु

मुकेश कुमार यादव
सिरहा १२ पुष ।
किसानले उत्पादन गरेको कृषि उपज विक्रि वितरणको जिम्मा स्थानीय सरकारले लिनुपर्ने माँग गरेका छन् । राष्ट्रिय कृषि समूह महासंघ, नेपाल मधेश प्रदेशद्वारा आयोजित किसानको सवालगत बहस कार्यक्रममा उपस्थित किसानहरुले किसानले उत्पादन गरेको वस्तुले लागत मूल्यसमेत नपाउने अवस्था रहेको भन्दै वितरणको जिम्मा स्थानीय सरकारले लिनुपर्ने माँग राखेका हुन् ।
उनीहरुले सरकारले धानको न्यूनतम समर्थन मूल्य तोकेको भएपनि किसानले सो मूल्य पाउन नसकेको बताए । किसानहरुले आफ् नो उत्पादनको सहि मूल्य पाउन नसकेको भन्दै सरकारले तोकेको मूल्यमा स्थानीय सरकारले किन्ने वा भण्डारणको व्यवस्था गर्नुपर्ने बताए ।
गोलबजार नगरपालिका १२ वेतौनाका किसान दिलिप मण्डलले किसानले दिन रात, भए भरको लगानी गरेर उब्जाएको अन्न, तरकारी आफैले वेच्नु पर्दा समस्या हुने गरेको भन्दै स्थानीय तहले वितरण र भण्डारणको व्यवस्था मिलाउनु पर्ने बताए । उनले भने, 'स्थानिय सरकारले किसानमुखी बजेट विनियोजन गर्न सकिरहेको छैन, आउदो दिनमा किसानमुखी बजेट बनोस् ।'
उनले गोलबजारमा तरकारी बजारको उचित व्यवस्थान नभएको प्रति गुनासो गरे। उनले भने, 'गोलबजर तरकारी उत्पादनको हव भएपनि बजार राम्रो व्यवस्था नहुँदा राजमार्गमै राखेर तरकारी वेच्नुपर्ने बाध्यता छ । बजारको उचित व्यवस्था नहुँदा जुनसुकैवेला दुर्घटना निम्तिन सक्छ ।'
अर्का गोलबजार २ का किसान राम स्वरुप महतोले राज्यको व्यवस्था परिवर्तन भएपनि किसानको जिवनमा परिवर्तन आउन नसकेको बताए । उनले चुरे दोहन नरोकिएसम्म किसानको समस्या समाधान नहुने बताए । उनले भने, 'चुरे दोहनका कारण दिनप्रतिदिन पानीको मुहान सुकिरहेकाले किसान पनि समस्यामा परिरहेको छ, चुरे दोहन रोक्ने योजना पनि बनाउनु जरुरी छ ।'
कृषि उपजहरुमा अत्यधिक विषदी प्रयोगले विभिन्न रोगहरु देखिएको किसानहरुको भनाई रहेको छ। विषादी प्रयोग नियन्त्रण गर्ने उपायहरु पनि खोजीनु पर्ने किसानहरुले बताए। उनीहरुले भने, ' विश्वमा प्रतिबन्धित विषादी हाम्रो बजार प्रसस्त पाइरहेको छ, यसले मानव स्वास्थ्यमा समेत असरगर्ने भएकोले रोक्नु जरुरी छ ।'
कार्यक्रममा प्रमुख अतिथी गोलबजार नगरपालिकाका मेयर श्याम कुमार श्रेष्ठले गोलबाजार नगरपालिकाले किसानहरुको लागि यहि आर्थिक वर्षबाट सिंचाई र कृषि विद्युतिकरणको लागि ४ करोड बजेड विनियोजन गरेको बताए। उनले भने, 'यो पटक हामीले राजमार्ग देखि उत्तर एक करोड र दक्षिणका वडाहरुको लागि ३ करोड सहित ४ करोड विनियोजन गरेको छ । यसले सिंचाईको समस्या समाधान हुन्छ ।'
विशिष्ठ अतिथी प्रमुख जिल्ला अधिकारी लालबाबु कवाडीले धरै बजेट सहितको अधिकार स्थानीय तहमा गएकाले स्थानीय सरकारले चाहेमा किसानको समस्या समाधान गर्न सक्ने बताए । उनले अहिले किसान पहिचानमै समस्या भएकाले किसान परिचय पत्र जरुरी भएको उनले बताए ।
कार्यक्रममा राष्ट्रिय कृषि समूह महासंघ, नेपाल मधेश प्रदेशका अध्यक्ष मुक्तिनारायण यादवले प्रमुख अतिथीलाई सवाल उठान पत्र बुझाएका थिए । सोही क्रममा उनले राज्यको कुल ग्राहस्थ उत्पादनमा महत्वपूर्ण योगदान दिंदै आएको कृषिमा स्थानीय सरकारको उदासीनता रहेको बताए । कार्यक्रममा विभिन्न सरोकारबाला र स्थानिय किसानहरुको सहभागीता रहेको थियो ।

# प्रहरीले पक्राउ गरेका अभियुक्तहरुको कार्यवाहि सुरु

डम्बर राई
सप्तरी पुष १२ गते ।
सप्तरी हनुमाननगर कंकालिनी नगरपालिकामा कटुवा पेस्तोल सहित शत्रुघन रामलाई शसस्त्र प्रहरीले पक्राउ गरेका छन् ।
सोहि नगरपालिका वडा ४ बस्ने रामको शसस्त्र प्रहरी बल नेपाल सुरक्षा वेस भारदहका प्रहरी नायव निरिक्षक धन कुमार घिमिरेको कमाण्डमा गएका गस्ती टोलीले शुक्रवार रामको घर गुहाली खानतलासी गर्दा गुहालीमा गाडेर राखेको अवस्थामा एकथान कटुवा पेस्तोल फेला पारेको हो ।
तत्कालै पक्राउ गरी हिरासतमा राखिएको रामलाई सोमवार अदालतमा हाजिर गराइएको छ ।
सम्मानिय जिल्ला अदालतबाट हात हतियार खरखजना मुद्धा अन्तर्गत सातदिनको म्याद थप गराई थप आवश्यक अनुसंधान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जानकारी दिइएको छ ।
यस्तै शुक्रवार नै झुठा विवरण पेश गरी नेपाली नागरिकता लिन खोज्नेहरुलाई प्रहरीले पक्राउ गरेका छन् । बोदेबर्साइन नगरपालिका इलाका प्रशासन कार्यालयमा भारतिय २० बर्षिय धिरज कुमार मुखियालाई आफ्नो छोरा हो भन्दै झुठा विवरण पेश गर्ने डाक्नेश्वरी नगरपालिका ३ तरहीटोल बस्ने जागेश्वर



मुखियाका पत्नी फुलिया देवी मुखिया सहित भातिय युवालाई पक्राउ गरिएको हो ।
भारतको जिल्ला मधुवनी थाना फुलपरास बस्ने लोचन मुखिया र आमा रीता देवी मुखियाकी छोरालाई आफ्नो छोरा हो तथा नीज धिरज फुलिया देवीको छोरा हुँ र म नेपाली नागरिक हुँ भनेर झुठा विवरणका कागजातहरु पेश गरी नेपाली नागरिकता लिन खोजेको अवस्थामा नीजहरुलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जानकारी दिइएका छन् ।
नीजहरुलाई सोमवार सम्मानिय जिल्ला अदालतबाट नागरिकता सम्बन्धि कसुरमा सात दिनको म्याद थप गराई कडोरबोना इलाका प्रहरी कार्यालयमा थप अनुसंधान भइरहेको छ ।
सप्तरी प्रहरीले प्राप्त जानकारीको आधारमा खोजतलास गरेर चोरी भएको मोटरसाइकल सहित चोरलाई पक्राउ गरेका छन् ।
बुधवार राती ११ बजेको समयमा राजविराज ११ बस्ने शुभ नारायण शर्माको को ३० प ८११२ नम्वरको सुपर स्प्लेन्डर मोटरसाइकल चोरी भएको थियो ।
प्रहरीले चेकजाँच गर्नेक्रममा राजविराज हनुमानगर रोड स्थित राजविराज ११ मा सोहि नपा ४ बस्ने २२ बर्षिय सोनु सेखले नम्वर प्लेट बदलेर चलाउदै गरेको अवस्थामा शनिवार राती आठ बजे नियन्त्रणमा लिइएको हो । पक्राउ अभियुक्तलाई सोमवार जिल्ला अदालतबाट चोरी मुद्धा शिर्षक अन्तर्गत सात दिनको म्याद थप गराई थप अनुसंधान कार्य भइरहेको प्रहरीले जानकारी दिएका छन् ।

सम्पादकीय

# दूर्घटना कम गर्न सडक बत्ती आवश्यक

चालु आर्थिक वर्षको ५ महिनामा मधेस प्रदेशमा सवारी दुर्घटनामा परेर मृत्यु हुनेमा महिला तथा बालबालिकाको संख्या अधिक रहेको छ । मधेस प्रदेशमा गत साउन देखि मंसिर मसान्तसम्म दुर्घटनामा परेर ४४ जना महिला २५ जना बालबालिका तथा १८ जना पुरुषले ज्यान गुमाएका छन् ।

यस अवधिमा कुल २ हजार ४ सय ९३ सवारी दुर्घटना भएकोमा ८७ जनाको मृत्यु भएको छ । त्यस्तै दुर्घटनामा पाँच महिनामा ७ सय ४६ महिला २सय ७५ पुरुष तथा ६सय२६ बालबालिका गरी १ हजार ५ सय ४७ जना घाइते भएका छन् । ट्राफिक प्रहरीको तथ्याङ्कबाट प्रत्येक महिना औसत १८ जनाको दुर्घटनामा परेर मृत्यु हुने गरेको देखिन्छ भने महिनामा ३ सय भन्दा बढी घाइते भएका छन् । मृत्यु र घायल हुनेको संख्याले सवारी यातायात जोखिमपूर्ण रहेको देखिन्छ । यति धेरै दुर्घटना कसरी हुन्छ ? बढ्दो सवारीको चाप, भित्रि सडक खण्डमा तिव्र गतिमा गुड्ने सवारी साधन,मदिरा सेवन गरेर सवारी चलाउँदा दुर्घटना बढेको मधेस प्रदेश ट्राफिक प्रहरीको औपचारिक उत्तर हुन्छ ।

त्यसो त चालु आर्थिक वर्षको ५ महिनामा बारामामात्र भएको सडक दुर्घटनामा ५७ जनाले ज्यान गुमाएका छन् । बारामा ३२ जना पुरुष, १८ जना महिला, ३ वालक र ४ वालिकाको ज्यान गुमाएका छन् । बारामा भएका दुर्घटनाका प्रकृती हेर्दा माथि भनिएका कारण भन्दा फरक पाटो पनि छ । त्यो भनेको प्रमुख सडकको अवस्था, सडक बत्तीको अभाव र बिग्रिएका सवारीको व्यवस्थापन नहुनु ।

पूर्व पश्चिम राजमार्गको पथलैया-निजगढ सडक खण्डमा बढी दूर्घटना भएको घटनाहरुले देखाएका छन् ।

अमलेखगञ्जदेखि निजगढ सम्मको करिव ४० किलोमीटर सडकखण्ड पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएको छ । बिग्रिएको कालोपत्रे र २ लेनको साँघुरो सडक खण्डमा २४ सै घन्टा पेट्रोलियम पदार्थ, ग्याँस बोकेका ट्यांकर र ठुला ठुला मालवाहक सवारी साधनको अत्याधिक चाप हुने गर्दछ । साँगुरो बाटो त्यो पनि भत्किएको अवस्थामा हुनु र व्यस्त सडकमा बिग्रिएका सवारी साधनहरु अलपत्र रहनुले पनि दूर्घटना बढाएको देखिएको छ ।

रातको समयमा जंगल क्षेत्रमा सडक बत्ती पनि नहुदाँ राजमार्गमा रोकी राखेका सवारी साधनहरुमा ठोक्किएर अत्याधिक दुर्घटनाको हुने गरेको ट्रापिक प्रहरीको भनाई छ ।यसबाट के देखिन्छ भने सरोकारवाला जिम्मेवार निकाय दूर्घटनाबाट हुने मानवीय क्षतीबारे संवेदनशील छैनन् । घटनाहरुले सरकारी ओहदाका उच्च अधिकारीहरुले समेत दुर्घटनामा परेर ज्यान गुमाएका छन् । २०७५ माघ १२ गते पथलैया निजगढ सडक खण्डमा रोकी राखेको ट्र्याक्टरको टेलरसँग ठोक्किएको बाराका तत्कालिन सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक (एसपी) बलराम पोखरेलको भटनास्थलमै र प्रमुख जिल्ला अधिकारी गणेश भट्टराईको उपचारको क्रममा मृत्यु भएको थियो । यसबीचमा सयौ सर्वसाधारणले यो सडक खण्डमा दुर्घटनाको क्रममा अकालमै ज्यान गुमाईसकेका छन् । सरोकारवालाहरुलाई कारण पनि थाहा भैसकेको छ तर समाधानमा ध्यान किन दिइदैन ?

राजमार्ग ट्राफिक कार्यालयले दुर्घटनालाई न्युनिकरण चालकहरुले मापसे गरे/नगरेको चेकजाँच गर्ने, ठाँउ ठाँउमा 'गति सिमीत' भनि उल्लेख गरिएका सचेतनामुलक बोर्डहरु गरेको देखिए पनि मुख्य समस्यामा ध्यान दिएको पाइदैन। बिग्रिएको राजमार्ग मर्मत सम्भार गर्ने, बाटामा बिग्रिएका गाडीहरु तत्काल सडकबाट किनारामा लगाउने र सबै भन्दा महत्वपूर्ण सडक बत्ती राख्ने । तीनवटा काम मध्ये सडक बत्ती अलिक खर्चिलो हुनसक्छ ।

तर, मानवीय सुरक्षाको मूल्य लगानीसँग तुलना गर्ने विषय होइन, गर्न मिल्दैन । सडक वत्तीको काम ट्राफिकको जिम्मेवारी नहुनसक्छ तर सडक विभाग, निकुञ्ज र स्थानीयतहबीच आपसमा समन्वय हुनसक्यो भने ठूलो कुरा पनि होइन । मानवीय क्षती र दुर्घटनाबाट बच्ने उपायहरुलाई उच्च प्राथमिकता दिन आवश्यक छ । होइन भने अर्को पाँच महिना पछि पनि यस्तै रिपोर्ट आउँने छ ।

# उत्तरी छिमेकीमा कोरोनाको डरलाग्दो प्रकोप र हाम्रो चिन्ता

*विगत तीन वर्षमा त्यहाँ कोरोना संक्रमणका कारण ज्यान गुमाउनेहरुको संख्या ५,२४२ मात्रै बताइएको छ जबकि चीनकै अधिनमा रहेको हङकङमा यो आँकडा एघार हजार नाघीसकेको छ । चीन सरकारले लागु गरेको शुन्य कोभिड नीतिका बावजुद यस्तो अवस्था उत्पन्न हुनुले चिनियाँ खोपको प्रभावकारिता माथि पनि प्रश्न चिन्ह उठाउने काम गरेको छ ।*



- श्रीमन नारायण

तीन वर्ष अघि कोभिड-१९ को पहिलो लक्षण चीनको शहर वुहानमा नै देखिएको थियो । त्यतिबेला चीनले यसलाई लुकाएर जुन गल्ति गऱ्यो त्यसैको परिणाम भोग्न आज बाध्य भएको छ। विश्व इतिहासले चीनलाई उसको गल्तिको निम्ति कहिल्यै क्षमा गर्ने छैन । अहिले चीनका शहर हरुमा कोरोना भाइरसको संक्रमणले लहरको जुन रुप लिएको त्यो निकै डरलाग्दो छ । विश्व समुदाय त यस दुःखद पीडालाई यसभन्दा अघि नै भोगिसकेको छ । अहिले बाहिर आइरहेका चीन सम्बन्धि समाचार निकै दुःखद रहेको छ । चीनका अस्पतालहरुमा बेड पाउनै गाह्रो भएको छ र शवदाह गृह सामु मृतकहरुको पंक्ति लागेको हेर्न सकिन्छ । यो एउटा गम्भीर चिन्ताको विषय हो । चीन हाम्रो उत्तरी छिमेकी राष्ट्र भएकोले त्यसको प्रभाव यहाँ पनि पर्न सक्दछ । तसर्थ चीनको सिमासित जोडिएको क्षेत्रमा व्यापक सर्तकताको खाँचो छ । आंशिक रुपमा खुल्दै बन्द हुँदै गरेका उत्तरी सीमा नाकालाई केही समयको निम्ति बन्द गर्दा पनि हुन्छ । चीनमा कोरोना संक्रमणको बढ्दो प्रकोपलाई यस अर्थमा पनि बुझ्न सकिन्छ कि अमेरिकाले आफ्नो विदेशमन्त्री एन्टोनी ब्लिंकनको नेतृत्वमा एक प्रतिनिधिमण्डल नै बेईजिङ्ग पठाउने निर्णय गरेको छ किनभने अमेरिकालाई चीनमार्फत प्राप्त भइरहेको सूचनामाथि विश्वास रहेको छैन । चीनको अहिलेको कोरोना संक्रमणको समस्या हामी सबैका लागि पनि चुनौती नै हो ।

विगत तीन वर्षमा त्यहाँ कोरोना संक्रमणका कारण ज्यान गुमाउनेहरुको संख्या ५,२४२ मात्रै बताइएको छ जबकि चीनकै अधिनमा रहेको हङकङमा यो आँकडा एघार हजार नाघीसकेको छ । चीन सरकारले लागु गरेको शुन्य कोभिड नीतिका बावजुद यस्तो अवस्था उत्पन्न हुनुले चिनियाँ खोपको प्रभावकारिता माथि पनि प्रश्न चिन्ह उठाउने काम गरेको छ ।

केही अघिसम्म चीनले कोभिड-१९ को मास टेस्टिङलाई अनिवार्य गरेको थियो । तर संघाई क्षेत्रमा आगोले जलेका एक जनाको उपचार लकडाउनका कारण हुन नसकेका कारण मृत्यु भएपछि जनता सडकमा आएका थिए । त्यसपछि सरकारले स्वास्थ्यकर्मीलाई आम जनताको घर गई कोरोनाको जाँच गर्नुको सट्टा संक्रमित व्यक्ति आफै अस्पताल आएर आफ्नो जाँच गराउने व्यवस्था गरे । मास टेस्टिङ रोकिएपछि कोरोनो संक्रमणको संख्या अत्याधिक रुपमा बढ्दै गयो र एक किसिमले नियन्त्रण गर्न पनि सरकारलाई गाह्रो भइरहेको छ । चीनमा कोरोनाको संक्रमणबाट मर्नेहरुको संख्या लाखौंमा पुग्नसक्ने पश्चिमेली मिडियाको अनुमान रहेको छ। चीनले शुरु देखि नै यस सम्बन्धमा प्रभावकारी नीति अपनाएको भए यस्तो अवस्था नै आउने थिएन । जतिबेला पुरै दुनिया लकडाउनमा थिए र दुःख पीडा एवं अभावका समय बिताइरहेका थिए, त्यतिबेला चीन भने आफ्नो देशको शपिङ्गमल, थिएटर, पार्क र अन्य सार्वजनिक स्थलहरु खुल्ला गरी यो सन्देश दिन खोजेको थियो कि यहाँ कोभिड-१९ को कुनै प्रभाव नै छैन तर आज जतिबेला पुरै विश्व लकडाउन र कोरोनाको खतराबाट मुक्त रहेको छ यस्तोमा चिनियाँ जनता लकडाउनमा बस्न बाध्य भएका छन् ।

> **"कोरोना संक्रमणलाई हलुको रुपमा लिनु हुँदैन । कोभिड-१९ को संक्रमण शुरु भएको बेला तत्कालिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र तत्कालिन बेलायती प्रधामन्त्री बोरिस जाँनसनले शुरुमा यसको उपहास गरेका थिए तर पछि उपरोक्त दुवै देशले यसको ठुलो मुल्य चुकाउनु परेको थियो । कोभिड-१९ को संक्रमण पश्चात आम जनताको स्वास्थ्यमा पनि प्रतिकुल प्रभाव परेको छ । नयाँ पुस्ताका मानिस पनि मुटुका रोगी बन्ने कम बढेको छ । युवावर्ग हर्ट हटैकले ज्यान गुमाउनुको कारणबारे स्वास्थ्यकर्मीले विशेष अनुसन्धान गर्नु आवश्यक छ ।**

भनिन्छ, अहिले देखिएको नयाँ सब-भेरिएन्ट 'बीएफ-७'ले चीनमा आतंक मच्चाएको छ । यससित मुकाबिला गर्न चिनियाँ खोपहरु सिनो भ्याक र सिनो फर्मा त्यति प्रभावकारी सावित भइरहेको छैन । हुनत चीनमा अधिकांशलाई खोप दिने काम भइसकेको छ तर ८० वर्ष माथिकामा ५० प्रतिशतले मात्रै बुस्टर डोज र तेस्रो खोप लिएका छन् । १२ वर्ष मुनिका बालबालिकाको अवस्था पनि यस्तै किसिमको रहेको छ किनभने यस उमेरका २० प्रतिशतले मात्रै बुस्टर डोज लिएका छन् । तसर्थ चीनको एउटा ठुलो जनसंख्या माथि खतरा रहेको देखिन्छ ।

हुनत विश्व स्वास्थ्य संगठनले यो पनि भनेको छ कि विश्वभरिमा कोरोनाको जुन लक्षण देखा परिरहेका छन्, त्यसको मुख्य कारण ओमिक्रोन हो र तुलनात्मक रुपमा यो भेरिएन्ट त्यति बढी हानीकारक छैन, तर चीनसित समस्या के पनि रहेको छ भने उसको ठुलो जनसंख्याले शुन्य कोभिड नीतिका कारणले प्राकृतिक रुपबाट संक्रमित हुन सकेन जस्तो दक्षिण एशिया र अफ्रिकाका देशहरुको अनुभव रहयो । हाल यस क्षेत्रमा नाममात्रका कोभिड संक्रमित फेला पर्नुको एउटा ठुलो कारण प्राकृतिक संक्रमण र खोप अभियान दुवैको प्रभावकारिता हो । कोभिड संक्रमणको असर अमेरिका र जापान जस्ता देशहरुमा पनि देखा पर्न थालेका छन् । तर यो संख्या चिन्ताजनक रहेको छैन । ति देशहरुमा भरसक बढी सावधानी अपनाइएको थिएन ।

एक जना शिर्ष अमेरिकी महामारी वैज्ञानिक र अर्थशास्त्री एरिफ फेगल डिंगले अनुमान लगाएका छन कि आउँदो तीन महिना भित्रमा चीनका करिब ६० प्रतिशत र विश्वका १० प्रतिशत नागरिक संक्रमणको शिकार हुनेछन् । एरिफ फेगल डिंग चिनियाँ मुलका अमेरिकी वैज्ञानिक हुन् । हाल उनी अमेरिकाको न्यु इंगलैण्ड कम्प्लेक्स इन्सिट्च्युटसित आवद्ध छन् । उनी संघाईमा जन्मेका थिए । एरिफ फेगलका अनुसार चीनमा आईबुफेन औषधीको पनि अभाव भएको छ । यसको निम्ति उनले चिनियाँ सरकारको स्वास्थ्य नीति र खासगरिकन कोरोना महामारीसित मुकाबिल गर्ने नीतिको चर्को आलोचना गरेका छन् । चीनको औषधी पसलहरुमा औषधी खरिद गर्न ठुलो संख्यामा मानिस लाम लागेको सजिलै हेर्न सकिन्छ । हाल भारतले पनि चीनलाई औषधीको निर्यात गर्ने भएको छ । कोरोनाको बढ्दो संक्रमणप्रति अमेरिका भारत र नेपाल लगायतका देशले चिन्ता पनि व्यक्त गरिसकेको छ ।

कोरोना महामारी कारण विश्वकै अर्थ व्यवस्था अस्त व्यस्त हुन पुगेको थियो र अहिले सम्म पनि सामान्य अवस्थामा फर्कन सकेको छैन । कोरोना महामारीको संक्रमणले क्षत विक्षत पारेको अर्थतन्त्रलाई सामान्य अवस्थामा फर्काउन प्रयास भइरहेको बखत रुस-युक्रेन युद्धले यसलाई थप कमजोर बनाउने काम गरिरहेको छ । यसले आपुर्तिको श्रृंखलालाई नै क्षति पुऱ्याएको छ । विश्वव्यापी व्यापारले ठाउँ बनाउने प्रयास गरिरहेको बखत चीनमा कोरोना महामारीको डरलाग्दो संक्रमणले थप क्षति पुऱ्याउने निश्चित छ । आखिर चीन विश्वको दोस्रो ठुलो अर्थव्यवस्था हो । उसको अर्थतन्त्र कमजोर हुनुको असर कमोबेस सबैतिरको अर्थबजारमा पर्ने निश्चित छ ।

कोरोना संक्रमणलाई हलुको रुपमा लिनु हुँदैन । कोभिड-१९ को संक्रमण शुरु भएको बेला तत्कालिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र तत्कालिन बेलायती प्रधामन्त्री बोरिस जाँनसनले शुरुमा यसको उपहास गरेका थिए तर पछि उपरोक्त दुवै देशले यसको ठुलो मुल्य चुकाउनु परेको थियो । कोभिड-१९ को संक्रमण पश्चात आम जनताको स्वास्थ्यमा पनि प्रतिकुल प्रभाव परेको छ । नयाँ पुस्ताका मानिस पनि मुटुका रोगी बन्ने कम बढेको छ । युवावर्ग हर्ट हटैकले ज्यान गुमाउनुको कारणबारे स्वास्थ्यकर्मीले विशेष अनुसन्धान गर्नु आवश्यक छ ।

केही वर्ष अघिसम्म अर्थशास्त्रीहरुले के पनि अनुमान गरिरहेका थिए भने चीनले चाँडै नै अमेरिकालाई उछिनेर विश्वको सबैभन्दा ठुलो आर्थिक शक्ति बन्न सक्नेछ तर कोरोना महामारीका कारण उसको विकास माथि मा ब्रेक लाग्यो र सन् २०२० मा उसको विकासदर २ प्रतिशत मात्रै रहयो । जबकि चीनलाई अमेरिकाको राष्ट्रिय आयलाई उछिन्न कमसेकम ५ प्रतिशतको आर्थिक वृद्धिदर चाहिन्छ । चीनबाट विश्व प्रसिद्ध मोबाइल निर्माता कम्पनी एप्पल आफ्नो कारोबार भारतमा शुरु गर्न थालेको छ । कोरोना महामारीले चीनलाई ठुलो क्षति पुऱ्याएको छ । हामी अहिले देखि नै सम्भावित चुनौतीको मुकाबिला गर्न सतर्क हुनु आवश्यक छ । उत्तरी छिमेकमा देखिएको यो प्रकोप डरलाग्दो छ । यसको प्रभाव नेपालमा नपर्न सकोस यस दिशामा हाम्रो ध्यान जानु आवश्यक छ ।

# जल विज्ञान : पोखरी संरक्षण



- सुमन कुमार झा

जलप्रवाहलाई मुख्यतया दुई किसिमले अध्ययन गरिन्छ- सतह जलप्रवाह एवम् भूमिगत जलप्रवाह । नदी, नाला, खोला, ड्रेन, सिमसार क्षेत्रआदिलाई सतह जलप्रवाहसंग जोडिए पनि यसमा भूमिगत जलप्रवाहको योगदान पनि उतिकै रहन्छ।भू-सतहभित्र क्षैतिज दिशा र पृथ्वीको गुरुत्वबलको दिशामा हुने जलप्रवाहले हिमाल, पहाड तथा तराईका भूमिगत जल भण्डारणलाई प्रकृतिले आफ्नो विधि अनुसार जीवन्त राख्दछ ।

पृथ्वीमा बसोबास योग्य क्षेत्रहरु मध्ये अधिकांश क्षेत्रहरु जलसंकट सन्निकट उभिएका छन् । भूगोल विशेष अनुसार जलसंकटका प्रकृति, प्रभाव तथा आयामहरु बीच भिन्नता रहे पनि, समुच्ययमा जलसंकटको कहालीलाग्दो अवस्थाबाट भविष्यमा मानवमात्र हैन प्राणिजगत नै प्रभावित हुने कुरामा असहमत हुन सकिदैन । एशिया महादेशमा रहेको जनसंख्याको चाप, युरोपीय र अमेरिकी विकासका अनुभवहरु तथा अवधारणाहरुले सिर्जना गरेको संकटको अवस्था बीच जलसंरक्षण, माटोसंरक्षण, वायुसंरक्षणसंगै स्थानीय ईकोसिस्टमको पूनःस्थापना तथा गतिशीलता आफैमा विज्ञहरुकोलागि चुनौती रहेको छ । बहुतात्विक अन्तरनिर्भरता रहेका यी विषयहरु मध्ये जलसंकटबाट उत्पन्न प्रभावहरुको न्यूनिकरणको एउटा उपायको रुपमा रहेको पोखरी संरक्षण सम्बन्धमा भईरहेका प्रयासहरुको सन्दर्भमा भूमिगत जलप्रवाह तथा सतह जलप्रवाहबीचको अन्तर्क्रिया तथा अन्तरनिर्भरता सम्बन्धमा छोटो विमर्श गरौं।

पोखरीहरुले मुख्यतया वर्षाको पानीलाई जम्मा राखेर सुख्खायाममा प्रकृति तथा मानवजन्य प्रयोजनका लागि न्यूनतम मात्रामा भए पनि उपलब्ध गराउँदछ ।मानवबस्ती विकाससंगै दुनियाभर अनेक रुपमा विविध प्रयोजनका लागि ती बस्तीहरुको पहुँचमा पोखरीहरु खनिएका होलान् ।हिमाल तथा पहाडमा भूमिगत जलप्रवाहको दिशा एवम् तराईमा सो को दिशामा धेरै नै फरक पर्दछ । उच्च भू-भागमा जनसंख्याको चाप कम रहे पनि पोखरीमा संकलित पानीको उच्चत्तम प्रयोग मानवीय आवश्यक्ता परिपुर्तिमा हुन्छ ।तराईमा रहेको प्राकृतिक तथा मानव निर्मित पोखरीहरु हिमाल तथा पहाडमा जस्तै मानवीय आवश्यक्ता पूर्तिका, सांस्कृतिक महत्वका, भूमिगत जलभण्डारणका एवम् अन्य जल क्रीडात्मक प्रयोजनका लागि प्रयोग भईरहन्छन्।

**पोखरी संरक्षण**

संघीय नेपालको अवधारणा कार्यान्वयनसंगै स्थानिय सरकारहरुले पनि जनताका सरोकार हरुलाई सकेसम्म छुने प्रयास नगरेका होईनन् - एकाध अपवाद बाहेक, जसमध्ये एउटा विमर्शिय विषयको रुपमा स्थानियस्तरमा हुने पोखरी संरक्षण सन्दर्भमा जलप्रवाह विज्ञान बारे छोटो चर्चा गरौं ।पोखरीले आफ्नो जलाधार क्षेत्रसंग प्रकृतिको नियम अनुसार परस्पर सम्बन्ध स्थापना गर्दछ ।अर्थात पोखरीको समग्र पर्यावरणका तत्वहरु विशेषतः जन्तु ,जल, जमिन र वनस्पति बीच ईकोसिस्टमको चक्र स्थापित रहन्छ ।ईकोसिस्टमको चक्र निर्बाध संचालनमा रहनु पोखरीको पर्यावरणिय सन्तुलनका लागि अपरिहार्य हो ।सूर्यबाट प्राप्त उष्मा, वायुमण्डलमा परावर्तित उष्मा र जलवायु परिवर्तनका कारण उत्पन्न उष्मा को समग्र प्रभावले पोखरीमा संकलित पानीको तापमान निर्धारण गर्दछ ।स्थानीय सरकारहरुसंग दक्ष तथा अनुभवी ईञ्जिरनियरहरुको अभाव रहेको अवस्थामा पोखरी संरक्षणको लागि ईंटा तथा कंक्रिटका अप्रवाही (इम्परमियेबल) पर्खालहरु पोखरी किनाराभित्र चारैतिर निर्माण गरिएको प्रशस्त भेटिन्छन् ।परिभाषानै गर्ने हो भने पोखरीबाट माटोमा हुने जलप्रवाह तथा माटोबाट पोखरीमा हुने जलप्रवाह अधिकांश त्यस्ता पर्खालहरुका कारण बाधित हुने हुनाले जलको स्थिति उर्जा (हाईड्रोस्टेटिक ईनर्जी) का कारण जलप्रवाहले नयाँ बाटोहरू खोज्दछ। सुख्खायाममा भूमिगत जलप्रवाहको क्षैतिज अंशले पनि पोखरीहरुलाई जीवनप्रदान गर्दछ।पोखरी माथि निर्भर सुक्ष्मजीव, जलचर, उभयचर र वनस्पति बीचको ईकोसिस्टम कसरी अन्तरसम्बन्धित रहने विषय जलप्रवाहले निर्धारण गर्दछ ; जबकि बर्षाका कारण पोखरीमा पानीको सतह बढ्न गई पोखरीबाट माटोमा हुने क्षैतिज प्रवाहले पनि भुमिगत जलभण्डारण तथा माटोमूनि रहेका जीव तथा सतहमा उम्रिने वनस्पतिका लागि वनस्पतिको जराक्षेत्रमा पर्याप्त मात्रामा पानी उपलब्ध गराउन सहयोग पुर्याउँदछ।

हामीले सिमेन्ट प्रयुक्त अप्रवाही (इम्परमियेबल) पर्खाल निर्माण गरेर पोखरीको पानी तथा भूमिगत जलप्रवाहको प्राकृतिक संतुलन बिगारेका छौं ।वर्षाको पानी संकलन तथा जलसंरक्षण कार्यको एउटा प्राथमिक श्रोतको रुपमा रहेको पोखरीको ईकोसिस्टम हामी किन खल्बलाँउदै छौ ? पर्याप्त सतह जलश्रोत जस्तैः नदी, खोला आदि नेपालमा उपलब्ध रहे पनि अत्याधिक जनघनत्व रहेको तराई-मधेशमा पिउने पानीको श्रोत भूमिगत जलश्रोत नै रहेको हो। पोखरीको ईकोसिस्टम संतुलन रहनु आफैमा निर्विवाद विषय हो ।

**के गर्ने ?**

पोखरीको पानी तथा भूमिगत जलश्रोतको अन्तर-प्रवाहलाई कुनैपनि अवस्थामा पोखरी संरक्षण कार्यले बाधित पार्नु हुदैन- यो भूमिगत जलभण्डारण (ग्राउण्ड वाटर रिचार्ज)को स्थापित तथ्य हो ।क्षैतिज जल प्रवाह निरन्तर कायम रहने, ठोस तर प्रवाही (परमियेबल) पर्खाल लगाउने प्रविधि प्रयोगमा ल्याउनु पर्दछ। जस्तै : ढुंगाले भरिएको तार जाली, प्वालहरु भएको पर्खाल (परफरेटेड वाल), जियोमेम्ब्रेन आदि ।यसले जलप्रवाहलाई सतत कायम राख्नेत, माटोबाट पानीमा र पानीबाट माटोमा बस्न जाने स-साना जीवहरुको आवागमनमा बाधा उत्पन्न नगर्ने र पोखरीको ईकोसिस्टम नै परिवर्तन हुन नदिने गुणधर्म भएका संरचनाहरु निर्माणमा यथेष्ठ ध्यान पुर्याउन जरुरी देखिन्छ। वर्षातमा हुने बहावले

- बाँकी पृष्ठ ६ मा

# बढ्दो चिसोमा किसानलाई कामको चटारो


महोत्तरी, १२ पुस
मध्य पुसमा महोत्तरीमा अत्यधिक चिसो छ। चिसोबाट बच्न अनेकन उपाय खोजीरहँदा यहाँका किसानलाई भने कामको चटारो छ । यो गहुँबाली लगाउने, गोभी, खुर्सानीलगायत तरकारी बजार पुऱ्याउनु पर्ने र उखुक्रसिङको समय भएकाले किसानलाई खेतीपातीको काममा भ्याइनभ्याइको अवस्था छ । अर्को सिजनका लागि तरकारी खेतीका लागि खनजोतको काम यसैबेला गर्नुपर्ने भएपछि किसानलाई एकपछि अर्को कामको चटारोले छोपेको हो । समय घर्कंदा बित्ने यी कामसँगै आउनै लागेको तिलासक्रायत (माघेसङ्क्रान्ति) पर्वको जोहोमा पनि लाग्नुपर्ने बाध्यता छ। यहाँका किसानहरु मध्य पुसको थरथरी कमाउने चिसोबीच आराम गर्न पाएका छैनन् ।"खेतीपातीको कामलाई जाडो र गर्मीको छुट दिँदैन, समयमै गर्न परिहाल्छ, असरल्ल काम छ", भङ्गाहा-४ रामनगरका किसान अरुण गिरीले, "गोभी टिपेर आजै बजार लगिएन भने भोलिसम्म फूल फक्रेर कक्रक्क पर्छ, तर चिसोले अलिक गाह्रो बनाएको छ ।" उनी यतिबेला उखु काट्ने, मुठा पार्ने र ट्र्याक्टरमा लोड गर्ने काममा पनि व्यस्त छन ।खेतीपातीका यी कामसँगै अहिले मधेस प्रदेशका प्राचीन मिथिला क्षेत्रका किसानलाई तिलासक्रायत पर्वको चटारोले पनि छोपेको छ । तिलासक्रायतका लागि चिउरा/मुरी बनाउन धान भिजाउने, उसिन्ने, कुट्ने काममा घरघरका गृहिणी लागेका छन् । त्यसैगरी तिल खेती गरेका किसान तिल झाँट्ने, निफन्ने काममा व्यस्त देखिन्छन् । पर्वमा चिउरा, मुरी र तिलका 'लाई' (लड्डु) बनाउन चाहिने सख्खरको जोहोका लागि कतिपय किसान आफैँ धमाधम उखु पेलेर सक्खर पकाउन थालेका छन् । आफ्नो घरको पर्व सामग्रीको जोहो पनि हुने र यी सामग्रीले अहिले राम्रो भाउ पाउने भएपछि किसान जाडो नभनी काममा जुटेका हुन् । मिथिलामा माघ सङ्क्रान्तिका दिन तिलासक्रायत पर्व मनाउने परम्परा छ ।"पवनी (पर्व)ले छोपी सक्यो, खेतीपातीका काम असरल्ल छन्, अहिले सख्खरका लागि उखु पेल्ने, मुरी/चिउराका लागि धान उसिन्ने र तिल झाँट्ने र बजार लाने काम छन्, लगत्तै अब १० दिनपछि अलुवा (सखरखण्ड, सुठुनी), पिँडालु र तरुल खन्ने काम सुरु हुन्छ", रामनगर बस्तीकै ४५ वर्षीय किसान चन्देश्वर राय दनुवारले भने , "अहिले



बजार पुऱ्याउन नसकिएको तिलको भाउ सङ्क्रान्तिपछि घट्छ ।" मिथिलामा तिलासक्रायत पर्वमा अलुवा, तरुल र पिँडालुजस्ता कन्दमूल उसिनेर खाने/ख्वाउने स्थापित परम्पराले माघे सङ्क्रान्तिअघि यी उत्पादनले राम्रो बजार पाउने गरेका छन् । मात्र एक कट्ठा क्षेत्रफलमा लगाइएको अलुवाबाट सङ्क्रान्तिअघि बजार पुऱ्याउनसके १० हजार हाराहारी आम्दानी गर्न सकिने दनुवारको भनाइ छ । कन्दमूल खन्ने र बजार पुऱ्याउने काम भने पुस चौथो साता लागेपछि थालिने दनुवारले बताए । पर्वमा सख्खरको खुँदोमा मिसाएर बनाइने तिल, चिउरा, मुरी र जुनेलोको लाई (लड्डु) खाने/ख्वाइने चलन छ । त्यसैगरी गोभी, भाण्टा, हरियो केरा, आलु, परवल र लौकीको तरुवा खाने प्रचलनले यी वस्तुले राम्रो भाउ पाउँछन् । पर्वका लागि आफ्नै घरको तयारी र पर्वअघि नै यी फसल बजार पुऱ्याउनै पर्ने र नियमित खेतीपातीका कामले अहिले फुर्सद पनि नभएको बलवा नगरपालिका-१० धमौराका किसान वासुदेव पासवानको भनाइ छ । पर्वकै तुक पारेर उखु किसान धमाधम उखु पेल्ने र खुँदो पकाएर मिठ्ठा (सख्खर) बनाउने काममा तल्लीन देखिएका छन् । "अहिले जाँगर नचलाए आम्दानी हुँदैन, मिठ्ठा बनाउन ठूलो चुलोमा खुदो उमाल्न व्यस्त बर्दिबास-६ प्रेमनगरका किसान रामकृपाल महतोले भने , "उखुबाट हुने आम्दानीले वर्षभरिलाई पुग्ने अन्न जोहो गर्नुपर्छ ।"मिथिलामा सबै जातजाति र समुदायले तिलासक्रायत पर्व मन खोलेर मनाउने गर्छन् । यहाँका थारू समुदायको त यो मुख्य पर्व नै हुँदा एक महिना पहिलेदेखि नै तयारी थालिन्छ । थारू समुदायमा पर्वविशेषमा मासु अनिवार्य परिकारमा पर्ने हुँदा यसको जोहो गर्न केही पहिलेदेखि नै थारूहरुको व्यस्तता बढ्ने गरेको छ ।तिलासक्रायत पर्वपछि यसको सनेस (कोसेली) पठाउने मिथिलामा आम चलन छ । विवाह भएका छोरी/चेली (फुपू, दिदीबहिनी र छोरीभतिजी) मित/मितिनी र नजिकी इष्टमित्रकहाँ पर्वविशेषका परिकार पुऱ्याइने परम्परा छ । रासस

# बिचौलियाको मारमा सुन्तला कृषक

रेसुङ्गा, १२ पुस
गुल्मीको सदरमुकाम तम्घास बजारमा अहिले सुन्तलाको भाउ प्रतिकिलोग्राम रु एक सय छ । दानाको आकारका भरमा रु पाँचदेखि १० तलमाथि भए पनि यो समयमा सुन्तलाको मूल्य स्थिर रहन्छ । गुल्मीमा पर्याप्त मात्रामा सुन्तला उत्पादन, स्थानीय बजारमा खपत र बाहिरी बजारमा निर्यात हुँदै आए पनि यसको फाइदा बिचौलीयाले उठाइरहेका छन् । सुन्तला कृषकसँगै उपभोक्ता पनि मारमा परेका छन् । बजारमा प्रतिकिलोग्राम रु एक सयमा सुन्तला धमाधम बिक्री पाँच सय बोट छन् । उहाँले वार्षिक नौ सय क्विन्टल सुन्तला बिक्री गर्दै आएका छन । सोही ठाउँका अर्का कृषक विष्णु कँडेलको पनि समस्या बजारीकरणको हो । उनले बगैँचासम्म गाडी लगेर सुन्तला बजारमा पुऱ्याउन सुविधायुक्त सडक नभएकाले नोक्सान बेहोर्दै आएका छन । "बजारमा आफैँले सुन्तला बिक्रीका लागि लैजान गतिलो बाटो छैन", उनी भन्छन , "बजारको भन्दा आधा मूल्यमा दिए मात्र सुन्तला बिक्री हुन्छ ।" उनले नर्सरीसहित सुन्तला बगैँचा स्थापना गरेका छन । व्यापारीहरुलाई सुन्तला बेच्न बाध्य छन् । सुन्तला कृषकलाई आबद्ध गरेर काम गरिरहेको अनमोल कृषक समूहका अध्यक्ष विष्णुप्रसाद पन्तले कृषकले तोकेको मूल्यमा सुन्तलाको बजारीकरण गर्न कोल्डस्टोर आवश्यक रहेको बताए । स्थानीय सरकारको सहयोग भएमा आफूहरुले कोल्डस्टोर स्थापना गर्ने र कृषकलाई भनेकै मूल्य दिन सक्ने समूहका अध्यक्ष पन्तको भनाइ छ । छत्रकोट गाउँपालिकाकी उपाध्यक्ष सावित्रा ज्ञवालीले आफूहरुले यस वर्ष कोल्डस्टोर स्थापनाका लागि बजेट



भए पनि बिचौलियाले सुन्तला कृषकलाई त्यसको आधा रकम तिर्न पनि गाह्रो मान्छन् ।
सुन्तला बगैँचामा आफूहरुको मोलतोल नचल्ने बिचौलियाकै मनोमानी चल्ने सुन्तला कृषकको गुनासो छ । बजारमा चलेको मूल्यअनुसार सुन्तला बिक्री गर्न नपाएको छत्रकोट गाउँपालिका-३ का कृषक जितबहादुर झाँक्रीले बताए । "सुन्तला बजारीकरणमा निकै समस्या छ, धेरै सस्तोमा बेच्नुपर्ने बाध्यता आइलाग्छ", उनले भने , "उनीहरुले तोकेको मूल्यमा नदिए कुहिएर जाने सम्भावना हुन्छ ।" आफूहरुले सानो दाना प्रतिकिलोग्राम रु ४० र ठूलो दाना प्रतिकिलोग्राम रु ५० मा बिक्री गर्ने गरेको उनले जानकारी दिए । उनको बगैँचामा अहिले सुन्तलाका सोही स्थानकी कृषक पुनकला भुसालको पनि समस्या यही हो ।
सुन्तलाको बजारीकरणमा कुनै समस्या नभए पनि आफूहरुले भनेको मूल्य भने पर्दैन । बुटवलबाट आएर बगैँचाबाटै सुन्तला बिक्री हुने तर उनीहरुले भनेकै मूल्यमा दिनुपर्ने बाध्यता रहेको भुसालले गुनासो गरे । छत्रकोटमा कृषकबाट सुन्तला खरिद गर्ने र बजारसम्म पुऱ्याएर उपभोक्तालाई बिक्री गर्न केही छत्रकोटकै स्थानीय, केही पाल्पा र केही बुटवलसम्मबाट आउने गर्दछन् । कृषकले दिएसम्म अझ सस्तोमा बगैँचामा खरिद र नदिए पनि बढीमा प्रतिकिलोग्राम रु ५० सम्ममा खरिद हुने गरेको छ । कृषकहरु पनि यस्तै ठेक्का लिने विनियोजन नगरेको जानकारी दिए । "गाउँपालिकाबाट यो वर्ष सुन्तला कृषकका लागि कोल्डस्टोरको कार्यक्रम छैन", उनले भने , "प्रदेशमा माग गरेका छौँ, भयो भने कृषकको समस्या समाधान हुन्छ ।" आफूहरु कृषकको पक्षमा रहेकाले समस्या समाधान गर्ने गाउँपालिका उपाध्यक्ष ज्ञवालीको भनाइ छ ।
गुल्मीमा यस वर्ष कूल नौ सय ९७ हेक्टर क्षेत्रफलमा सुन्तला खेती भएको छ ।
जसबाट कूल ६ हजार आठ सय ३९ मेट्रिक टन सुन्तला उत्पादन भएको अनुमान गरिएको छ । यसबाट रु २ ९ करोड ३७ लाख आम्दानी हुने कृषि ज्ञान केन्द्र गुल्मीको अनुमान छ ।रासस

# कुखुरापालन व्यवसाय जोगाउन निजी क्षेत्रको सक्रियता



चितवन, १२ पुस
देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको कुखुरापालन व्यवसाय बचाउन निजी क्षेत्रले सक्रियता बढाएको छ । व्यवसाय धरासायी बन्ने अवस्थामा पुगेपछि व्यवसायीले सक्रियता देखाएका हुन् । अण्डा, मासु र चल्लाको मूल्य लागतभन्दा निकै सस्तोमा बिक्री गर्नु परेपछि अधिकांश व्यवसायी धरासायी अवस्थामा पुगेका छन् । धेरैले बैंकको ऋण तिर्न सकेका छैनन् भने कतिपयको व्यवसाय नै बन्द भएको छ ।
बैंकहरुले लिलामीको सूचना निकाल्ने क्रम समेत सुरु भएको छ । दुई वर्षयता बढेको कच्चा पदार्थको मूल्य र बैंकको ब्याजदरले यो व्यवसायलाई असर पारेको हो । उत्पादित वस्तुले लागत मूल्य नपाएपछि व्यवसायमा समस्या देखापरेको छ । नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार व्यवसाय जोगाउन मुस्किल अवस्थामा पुगेपछि देशभरका ठूला व्यवसायी सङ्गठित भएर अभियानकै रुपमा निजी क्षेत्रले काम थालेको छ। काठमाडौँ र वीरगञ्जमा कार्यालय नै खोलेर बजारीकरण व्यवस्थित गर्ने काम सुरु गरिएको छ । अन्य सहरमा कार्यालय स्थापना गरी व्यवसायीलाई सहयोग गरिँदैछ । व्यवसायीको बीचमा सहमति, सहकार्य र एकता कायम गर्दै उपभोक्तालाई गुणस्तरीय वस्तु उपलब्ध गराउन सक्रिय भएको उनको भनाइ छ । सङ्घका महासचिव शोभाकान्त ढकालका अनुसार १० वर्ष पहिले एक क्रेट (३० वटा) अण्डाको मूल्य प्रतिक्रेट रु तीन सयमा बिक्री हुँन्थ्यो । अहिले कहिलेकाहीँ त्योभन्दा तल अण्डाको मूल्य पुग्छ । उनले भने , "पाँच वर्षअघि दानाको मूल्य प्रतिकिलो रु ३० हुँदा अण्डा प्रतिक्रेट रु तीन सयमा बिक्री हुन्थ्यो । अहिले दाना प्रतिकिलो रु ६५ पर्दा अण्डाको मूल्य उस्तै छ ।
"निजी क्षेत्रको सक्रियताले खपत बढेपछि अहिले अण्डाको मूल्य प्रतिक्रेट रु तीन सय ६० पुगेको छ । ढकालको भनाइमा अहिलेको लागत मूल्य प्रतिक्रेट रु चार सय ५० हाराहारी छ । पोल्ट्री व्यवसायी मञ्चका अध्यक्ष राजेन्द्र लामिछाने उत्पादक र सप्लायर्सबीचमा साझेदारी कायम गर्दै बजारलाई व्यवस्थित गर्नुपर्ने बताउछन । सरकारले समयमा सम्बोधन नगरेमा व्यवसाय समाप्त हुने उनको भनाइ छ । औषधिलगायत अन्यमा पनि मूल्य दोब्बर भएको उनी बताउछन । एक वर्ष छ महिनाअघि अण्डाको मूल्य प्रतिक्रेट रु चार सय पाँच पुगेर एकोहोरो ओरालो लागेको हो । त्यतिबेला खुद्रा मूल्य प्रतिगोटा रु १६ थियो । हालै मात्र देशभरका धेरै कुखुरा पालक व्यवसायी सङ्गठित भएर अघि बढेका हुन् । पोखेलले लागत मूल्यसम्म पाउन सके किसान बच्न सक्ने बताए । हाल नेपालमा दैनिक ४० लाख अण्डा उत्पादन हुँन्छ। अण्डाको महत्व बुझाउन सकेमा अण्डाको माग दोब्बर हुने व्यवसायी बताउँछन्। बागमती प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा शरण पाण्डेले समयमै सरकारले पोल्ट्री व्यवसायलाई सम्बोधन गनुपर्ने बताए ।
१० औं राष्ट्रिय पोल्ट्री दिवस सप्ताहव्यापी कार्यक्रम गरी मनाइरहेको सन्दर्भमा सचिव पाण्डेले आत्मनिर्भर व्यवसाय बचाउनु राज्यको दायित्व भएको बताए । उनले प्रदेश सरकारको मन्त्रिपरिषद्ले अध्यादेश पास गरेर प्रदेश प्रमुखकोमा प्रमाणिकरणका लागि पुऱ्याएको पोल्ट्री विकास बोर्ड तत्काल गठन गरी काम गर्नुपर्ने बताए ।
खाद्य पोषण सुरक्षाको महत्वपूर्ण स्रोत पोल्ट्री भएको भन्दै उनले यसलाई बचाउन सरकार र निजी क्षेत्र मिलेर लाग्नुपर्ने बताए । प्रदेश सरकारले न्यूनतम समर्थन मूल्य तोक्ने कार्ययोजना तयार गरेको उनको भनाइ छ । सरकारले मूल्य निर्धारण, गुणस्तर नियमन, रोगको नियन्त्रण, क्षतिपूर्तिको प्रत्याभूति, बोर्ड गठन गरेर गर्नुपर्ने उनी बताउछन। अहिलेसम्म कुखुराको दानाको अनुमतिपत्र र नियमित खाद्यमार्फत् हुँदै आएको छ । यसलाई प्रदेश सरकारमार्फत् गरिनुपर्ने उनी बताउछन । नेपालको पोल्ट्री व्यवसाय धरासायी बन्दै गएपछि भारतीय सीमा क्षेत्रमा मासु राख्न चिस्यान केन्द्र स्थापना गर्न थालिएको छ । रासस

# किसानलाई बालीनाली जोगाउनै हम्मे

पर्वत, १२ पुस
पर्वतका ग्रामीण क्षेत्रमा बाँदर आतङ्क बढ्दै गएको छ । यसले गर्दा हिउँदे बालीनाली लगाउने प्रचलनसमेत कम हुँदै गएको छ भने लगाएकाहरूले पनि पाक्ने बेलासम्म जोगाउन हम्मेहम्मे पर्ने गरेको छ । जिल्लाको कुश्मा नगरपालिका-९ का पुनाखर पराजुलीले विगत वर्षसम्म १८ रोपनी खेतमा गहुँखेती गर्दै आए पनि अहिले बाँझै रहेको बताए । विगतमा मङ्सिर तेस्रो सातासम्म गहुँ उम्रिएर हरियाली हुन्थ्यो । यतिबेला गहुँमा सिँचाइ गर्न व्यस्त हुने पुनाखर यतिबेला फुर्सदिलो बनेका छन । बाँदर आतङ्क बढ्दै गएपछि पुनाखरको सँगै जोडिएको विष्णुहरि पराजुली र टीकाराम तिवारीको ५० रोपनीभन्दा धेरै जमिन पनि बाँझै छाड्का छन । उनीहरुले धान थन्क्याइसकेपछि सबै जग्गा बाँझै छोडेका छन । "धान जेनतेन थन्क्याउन सकिन्छ", टीकारामले भने , "हिउँदेखेती जति नै प्रयास गर्दा पनि जोगाउन नसकेपछि आजित भइयो, लगाउनै छोडियो ।"त्यसैगरी फलेवास-४ का रामप्रसाद गौडेलले लगाएको ४० केजी आलु उम्रिन नपाउँदै एक हुल बाँदर पसेर सर्वनास पारिदियो । बिहादी गाउँपालिका-३ का रामु पराजुलीले सहकारीमार्फत बर्सेनि एक सय रोपनीमा सामूहिक आलुखेती गर्दै आउनुभएको थियो । तर बाँदरबाट जोगाउन नसक्ने भएपछि पछिल्लो तीन वर्षयता आलु रोप्नै छाडेको बताए । "एकपटक पल्केपछि खेती सखाप नपारेसम्म नछोड्ने रहेछ", उनले बाँदरको हैरानीबारे भने , "हजारौँ खर्च गरेर महिना दिनसम्म खटेको बाली एकै दिनमा सखाप पारिदिएपछि सबै किसान आजित भए । अहिले जति नै प्रयास गर्दा पनि आलुको व्यावसायिक खेती गर्न सकिएन ।" बाँदरको हैरानी खेप्न नसकेका उहाँले दुई वर्षयता बाँदरबाट जोगिने बेसार, अदुवा, तोरीलगायत वैकल्पिक खेतीतर्फ लागेको बताए । अहिले जिल्लाभर बाँदरको आतङ्क फैलिएको छ । जिल्लाका ६१ वडामै बाँदरको समस्या नभएको कुनै वडा छैन । कतिपय ठाउँमा किसानले बाली जोगाउन रातदिन जाग्राम बस्नुपरेको छ। बाँदर आतङ्क किसानका लागि टाउको दुखाइको विषय बनेको सरोकारवालाको भनाइ छ । बाँदर धपाउन समूह बनाएर बस्दा पनि समाधान नभएको स्थानीय गुनासो गर्छन् । मोदी-२ का गुरुदत्त चापागाईँले भने , "पहिला कुकुर भुक्दा भाग्थ्यो, अहिले कुकुरलाई नै झम्टिन आउँछ ।" जलजला-५ की पार्वती खत्रीले रोपेको २५ केजी आलु बाँदर पसेपछि दुई सय बोट पनि बाँकी नराखेर उखेलेको गुनासो गरे । जिल्लामा आलुको पकेट क्षेत्र मानिने जलजला गाउँपालिकाका बनौ, शालिजा, लेखफाँट, क्याङ, भुकताङले, बाँसखर्कलगायत वडामा आलुखेतीमा पनि बाँदर मुख्य समस्या रहेको भन्दै किसान चिन्तित बनेका छन् । "अहिले आलुमात्रै नभएर सुन्तला पनि खान थालेको छ", बाँसखर्कका समुद्र खत्रीले भने , "पहिला मान्छे देखेर भाग्ने बाँदर अहिले मान्छेलाई नै झम्टिन आउँछ ।"जिल्लाका उच्च भेगमा पर्ने गाउँको मुख्य बाली आलुखेती हो । हिउँदे खेतीका लागि उपयुक्त मानिने कुश्मा र फलेवास नगरपालिकामा पनि बाँदरको हैरानीले किसानले लगाएको कुनै पनि हिउँदे खेती स्याहार्न नपाएको किसानको गुनासो छ । दशकअघिसम्म पर्वतबाट अन्य जिल्लामा गहुँ र गहुँको बीउसमेत निर्यात हुने गरेकामा पछिल्ला वर्षमा गहुँ र गहुँको पिठो तराईका विभिन्न उद्योगको भर पर्नुपरेको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ। जिल्लाको फलेवास नगरपालिकाले चालु वर्ष किसानलाई आलु र गहुँको बीउ निःशुल्क वितरण गर्ने कार्यक्रम रहेको भए पनि अपेक्षित माग नआएको जनाएको छ । "फाट्टफुट्ट माग आएको थियो", कृषि शाखा प्रमुख केदार सापकोटाले भने , "बीउ माग गर्ने किसानले बाँदर जोगाइदिने भए लैजान्छौँ, नत्र लैजाँदैनौँ भनेका छन् ।" महाशिला र पैयुँ गाउँपालिकाले आर्थिक वर्ष २०७५/७६ मा सुरु गरेको बाँदर नियन्त्रणको योजना सफल हुन सकेन् ।रासस

# किसानका सूचना अब "कृषि फर्म" एपमा

बलेवा, १२ पुस
किसानमा आवश्यक सूचनाको सहज पहुँच उपलब्ध गराउन काठेखोला गाउँपालिकाले 'कृषि फर्म' मोबाइल एप सञ्चालनमा ल्याएको छ । गाउँपालिकाले तयार गरेको 'कृषि फर्म' एप मोबाइलमा डाउनलोड गरेपछि अब काठेखोलाका किसान आफ्नै लागि आवश्यक सूचना र सन्देशबाट वञ्चित हुने छैनन् । मोबाइल एप निर्माण, व्यवस्थापन र सञ्चालनको विधि तथा आर्थिक सहयोग विवाइसी बागलुङको व्यवस्थापनमा सञ्चालित हेफर इन्टरनेसनल परियोजनाले गरेको हो ।
उक्त सेवा निःशुल्क हुने हेफरइन्टरनेसनलका कार्यक्रम संयोजक तारा पन्थीले बताए । परियोजनाले किसानमा कृषि सूचनाको पहुँच पुऱ्याउने उद्देश्यले मोबाइल एप सहयोग गरेको हो । परियोजनाले गाउँपालिकाको पशु तथा कृषि शाखामा रहने 'किस्का मेसिन' हस्तान्तरण गरेको छ । उक्त मेसिनमा कृषि फर्म मोबाइल एप जडान गरिएको छ ।
किसानले एपमार्फत् कृषि विज्ञ तथा गाउँपालिकाको विषयगत शाखासँग समन्वय गरी सूचना प्राप्त गर्न सक्छन् । एपबाट खेतीपाती गर्ने तरिका, रोग तथा किराबारे जानकारी पाउन तथा मौसम अनुसारको खेतीपाती गर्नु सहज बनाउने हेफर इन्टरनेसनलका कार्यक्रम संयोजक तारा पन्थीको भनाइ छ । उक्त सेवाबाट किसानहरुले घरमै बसेर मौसम र कृषिसम्बन्धी जानकारी पाउनेछन् भने किसान कृषि उत्पादनको सूचनासँग सहजै जोडिन सक्नेछन् ।
बाली लगाउने सही समय, मल व्यवस्थापन, सिँचाइ बाली बिरुवाको शत्रु तथा तिनको रोकथाम जस्ता जानकारी एपमार्फत् लिन सकिनेछ । गाउँपालिकाले सञ्चालन गरेको एपमा काठेखोलाका चार सय ६९ जना कृषक जोडिएका छन् । कृषकहरुको व्यक्तिगत तथा खेतीबालीको विवरण एप्समा समावेश गरिएको विवाइसी बागलुङका अध्यक्ष मणिभद्र शर्माले बताए । किसानले आफ्नो मोबाइल एपमार्फत् विज्ञ केन्द्र वा स्थानीय तहको पालिका केन्द्रमा घरबाटै आफ्नो अन्नबालीमा लागेका रोग, किरा तथा पशुमा लागेको रोगबारे जानकारी दिएर आवश्यक विज्ञ सुझाव सल्लाह प्राप्त गर्नेछन् । प्राविधिकहरुले कुन क्षेत्रमा कस्ता बाली लगाउने, कति मल छर्ने, कस्तो बालीमा कस्तो खालको रोग किरा लाग्छ र कसरी रोकथाम गर्ने लगायतका सन्देश कृषकको मोबाइलमा एपमार्फत पुग्नेछ ।
पढ्न र लेख्न नसक्ने किसानका लागि भिडियो र अडियो सेवा व्यवस्थापन गरिएको छ । कृषि सूचना प्रणालीमा कृषकलाई जोड्ने गरी अभियान सञ्चालन गर्ने गाउँपालिकाका अध्यक्ष राजु थापाले बताए ।
"कृषकको समय र पैसाको बचत गर्ने विषयमा गाउँपालिका सचेत छ", उनले भने , "घरमै बसेर समस्या समाधान गर्न सक्नेगरी पहल गर्छौं ।"रासस



झापाको अर्जुनधारा नगरपालिकास्थित सुखानीसहित स्मृति प्रतिष्ठान परिसरमा रहेको 'सालवारी झिल'मा देखिएको पानीका फोहोरा । प्रतिष्ठानले पर्यटकका लागि प्रतिष्ठान परिसरभित्र वाल उद्यानसहितका मनोरञ्जनका सामग्री राखेपछि यो पर्यटकीय क्षेत्र सबैको रोजाइमा पर्ने गरेको छ । *तस्बिर: सुरेन्द्र भण्डारी/रासस*

# धनुषामा अवैध काठ चोरी निकासी: चार महिनामा सात मुद्दा

मधेशदृष्टि
जनकपुरधाम, १२ पुस

धनुषामा पछिल्लो चार महिनामा अवैधरूपमा काठ चोरी निकासी गर्ने सात जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ । डिभिजन वन कार्यालय जनकपुरधाम धनुषाले दिएको जानकारीअनुसार अवैधरूपमा काठ ओसारपसार र चोरी निकासीको आरोपमा चार महिनामै सात मुद्दामा करिब ५० क्युफिट काठसहित आरोपीलाई पक्राउ गरिएको हो । कार्यालयका प्रमुख वन अधिकृत बेचन चौधरीले भदौयता अवैधरूपमा काठ चोरी निकासी गर्नेलाई पक्राउ गरी चारवटा मुद्दा दर्ता गरिएको र तीनवटा मुद्दा दर्ता प्रक्रियामा रहेको जानकारी दिए । उनले अवैध काठ चोरी निकासीको आरोपमा पक्राउ पर्नेमा धेरैजसो मिल मालिक रहेको बताए ।

"चार महिनामा सात घटनामा संलग्नलाई पक्राउ गरेका छौँ, अरुमाथि निगरानी बढाएका छौँ", चौधरीले भने , "विभिन्न कठिनाइका बाबजुद वन संरक्षण र चोरी निकासी नियन्त्रणका लागि हामी नयाँ रणनीतिसहित अगाडि बढेका छौँ", प्रमुख वन अधिकृत चौधरीले थोरै



वन भएको जिल्लामा धेरै अवैध चोरी निकासीका घटना हुनु दुःखद् भएको उल्लेख गर्दै यसलाई नियन्त्रण गर्न सबैको सहयोग जरुरी रहेको बताए । यी मुद्दामा एउटा ट्र्याक्टरसहित करिब ५० क्युफिट काठसमेत बरामद गरिएको चौधरीले जानकारी दिए। सामुदायिक वन उपभोक्ता महासङ्घ धनुषाका अध्यक्ष चन्द्र चौधरी महासङ्घले वन तथा वन पैदावारको संरक्षण गर्न समुदायमा सचेतना अभिवृद्धि र चोरी निकासी नियन्त्रणका लागि सधैँ सहयोगी भूमिका निर्वाह गरिरहेको बताउछन ।

"संरक्षणका काममा महासङ्घ सधैँ साथसाथ छ", उनले भने , "वन क्षेत्र विस्तार तथा अतिक्रमित क्षेत्र फिर्तालगायतका काममा वन कार्यालयले नेतृत्व गरोस् भन्ने हाम्रो चाहना हो ।"

**वन अतिक्रमण र चोरी निकासी मुख्य समस्या**

धनुषा मधेस प्रदेशअन्तर्गतका आठ जिल्लामध्ये सबैभन्दा कम वन क्षेत्र भएको जिल्ला हो । यस जिल्लामा कुल क्षेत्रफल (एक लाख १८ हजार तीन सय हेक्टर)को २७ हजार पाँच सय ७८.६ हेक्टर वन अर्थात २३ दशमलव ३१ प्रतिशत वन क्षेत्र रहेको छ भने त्यसमध्ये आठ सय ७२ हेक्टर अतिक्रमण गरिएको डिभिजन वन कार्यालय धनुषाको तथ्याङ्क छ । "अतिक्रमण र चोरी निकासी यहाँको वन संरक्षणका लागि मुख्य समस्या हो", प्रमुख वन अधिकृत बेचन चौधरीले भने , "४० वर्ष अघिदेखि पटक-पटक गरी आठ सय ७२ हेक्टर वन अतिक्रमण भएको छ। दुई हजार एक सय ६२ परिवारले त्यो भूमिलाई अवैधरूपमा उपभोग गरिरहेका छन ।" उनले केही वर्षयता थप अतिक्रमण हुन नदिन उच्च सतर्कतासहित डिभिजन वन कार्यालयले काम गरिरहेको र अब अतिक्रमित भूमि मुक्त गर्न कार्ययोजना बनाएर अगाडि बढ्ने बताए ।

जिल्लाको अधिकांश वन क्षेत्र उत्तरतर्फको चुरे र भावरमा पर्ने भएकाले त्यहाँको भौगोलिक संरचनाको संवेदनशीलतालाई मध्यनजर राखी संरक्षणमुखी व्यवस्थापन कार्यमा सामुदायिक वनले पनि सहयोग गरिरहेको चौधरीको भनाइ छ । सामुदायिक वन उपभोक्ता महासङ्घका अध्यक्ष चन्द्रा चौधरीले संरक्षणका गतिविधिलाई जनस्तरसम्म पुऱ्याउन जिल्लामा रहेका सामुदायिक वन उपभोक्ता समितिलाई थप परिचालन र यहाँ रहेका वन पैदावारमा आधारित उद्योगलाई समेत जिम्मेवार बनाउने गरी अभियानकै रूपमा कार्यक्रम अगाडि बढाउन सके चोरी निकासी नियन्त्रणमा टेवा पुग्ने धारणा राखे। धनुषामा हाल दुई सयभन्दा बढी वन पैदावारमा आधारित स:मिल तथा फर्निचर उद्योग, ४० वटा सामुदायिक वन, २५ कबुलीयती वन, एक-एक साझेदारी र संरक्षित वन तथा दुई सय १० निजी वन रहेका छन् ।

# जिराभवानीमा प्रयोगशाला स्थापना

वीरगञ्ज, १२ पुस

पर्साको जिराभवानी गाउँपालिकामा सुविधासम्पन्न स्वास्थ्य प्रयोगशाला स्थापना हुने भएको छ । जिराभवानी-२ को सेढंवामा रहेको स्वास्थ्यचौकीमा प्रयोगशाला स्थापनाका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामले रु ६० लाख बराबरको प्रयोगशालासम्बन्धी स्वास्थ्य सामग्री र उपकरण उपलब्ध गराउन लागेको हो । जिराभवानी गाउँपालिकाका अध्यक्ष अनोज चौधरीले गाउँपालिकामा सुविधासम्पन्न प्रयोगशाला स्थापनाका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले आवश्यक सामग्री र उपकरण उपलब्ध गराउन लागेको जानकारी दिए । गाउँपालिकाका प्रमुख प्रशाकीय अधिकृत प्राण मेहताका अनुसार प्रयोगशालासँग सम्बन्धित प्राविधिक तथा प्रशसनिक विषय प्रदेश प्रयोगशालासँग समन्वय गरी सञ्चालन गर्नुपर्ने छ । सेवाग्राहीलाई बस्ने, खानेपानी र आराम गर्ने राम्रो व्यवस्था स्थानीय तहले गर्नुपर्नेछ । 'ल्याब रिपोर्ट'को राम्रो व्यवस्था गर्नुपर्ने छ । प्रयोगशालामा आवश्यक कर्मचारी केमिकल अन्य प्राविधिक उपकरणको व्यवस्था चालु आर्थिक वर्षका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले गर्ने भएको छ । प्रयोगशाला व्यवस्थानका लागि आगामी वर्षका लागि प्रदेश सरकारबाट बजेट प्राप्त हुने जनाइएको छ ।

**बारामा गाँजाखेती नष्ट गर्ने अभियान**

बारामा प्रहरीले पुनः गाँजाखेती नष्ट गर्ने अभियानलाई निरन्तरता दिएको छ। निर्वाचनका कारण केही महिना रोकिएको सो अभियान सुरु गरिएको छ । यसैक्रममा सोमबार निजगढमा प्रहरीले गाँजाखेती फडानी गरेको छ । निजगढ नगरपालिका-१२ र १३ मा पर्ने कुलियामा लगाइएको गाँजाखेती प्रहरीले फडानी गरी नष्ट गरेको हो। नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले कुलियामा १७ कठ्ठा जग्गामा लगाइएको गाँजा फडानी गरेर नष्ट गरेको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिनुभयो । गाँजाखेती गर्नेको व्यक्तिको भने खोजी भइरहेको उनले बताए। रासस

## मुख्यमन्त्रीका दाबेदारहरु..........

मन्त्रालय भागबण्डाबारे अहिले केही थाहा नभएको माओवादीका प्रदेश सभा सदस्य रहबर अन्सारीले बताएका छन् । उनले भने अहिले केन्द्रिय समिति संघीय सरकार मन्त्रालयकै बाँडफाँड मिलाउनमा व्यस्त रहेकाले त्यसपछि प्रदेश बारे छलफल हुनेछ । प्रदेश स्थित सत्तारुढ गठबन्धनका दलहरुले मधेश प्रदेश मुख्यमन्त्रीका लागि दाबेदारी गरेपनि अन्तिम निर्णय केन्द्रिय गठबन्धनबाट हुने भएकाले मुख्यमन्त्रीका आंकाक्षी जुन दलको पनि भागमा परे सहर्ष स्वीकार्नेछ। त्यही भएर दलको नेता छान्न हतार नभएको एमालेका एक केन्द्रिय नेताले बताए ।

१०७ सदस्यीय मधेस प्रदेशसभामा सरकार गठनका लागि ५४ सांसद आवश्यक पर्छ। मधेश प्रदेशसभामा २३ सांसदसहित नेकपा एमाले प्रदेशसभाको सबैभन्दा ठूलो दल बनेको छ भने २२ सांसद रहेको कांग्रेस दोस्रो स्थानमा छ । जसपा १६, जनमत पार्टी १३, लोसपाका ९, माओवादी केन्द्रसँग ८ र एकीकृत समाजवादीसँग ७ सांसद छन् ।

मधेस प्रदेशसभामा ६ जना स्वतन्त्र सांसद छन् । त्यस्तै राप्रपाका २, संघीय समाजवादी पार्टी तथा नागरिक उन्मुक्ति पार्टीले एक-एक सांसद छन् । ५४ सांसद आवश्यक पर्नेमा एमाले, माओवादी, राप्रपा, जसपा, नागरिक उन्मुक्ति, जनमत मिल्दा ६३ सांसद पुग्छन् ।

# महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा

मधेशदृष्टि
जनकपुरधाम, १२ पुस

मधेस प्रदेशका एक सय ५० महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा गरिएको छ । आमसञ्चार प्राधिकरण मधेस प्रदेश जनकपुरधामले नेपाल पत्रकार महासङ्घको सदस्यता लिएका र रेडियो, टिभी, अनलाइन र छापामाध्यमलगायतका सञ्चारमाध्यममा कार्यरत सक्रिय महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा गराएको हो ।

गत २०७९ असारमा बीमा भएका सबै महिला पत्रकारले २०७९ साउन १ गतेदेखि बिमा सुविधा लिन पाउने आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिए । हालसम्म एक सय ५० महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा गराइसकिएको र चालु आर्थिक वर्ष २०७९/८० मा प्रदेशभरिका सबै सक्रिय पत्रकारको स्वास्थ्य तथा दुर्घटना बिमा गराउने योजना रहेको उनले बताए ।



जिटुजी फोलिसीअन्तर्गत पत्रकारको स्वास्थ्य तथा दुर्घटना बिमा गराउन राष्ट्रिय बिमा कम्पनी लिमेटडसँग सम्झौता भएको र बिमावापत लाग्ने प्रिमियम आमसञ्चार प्राधिकरणले जम्मा गरिदिने अध्यक्ष यादवको भनाइ छ ।

बिमावापत पत्रकारले वर्षमा रु एक लाखसम्मको औषधोउपचार खर्च र रु सात लाखसम्मको दुर्घटना बिमा सुविधा पाउने छन् ।

यस्तै आमसञ्चार प्राधिकरण मधेस प्रदेशले यही पुस महिनाको तेस्रो सातादेखि पर्साको वीरगञ्जबाट प्रेस प्रतिनिधि परिचयपत्र वितरण सुरु गरिने जनाएको छ । प्रेस प्रतिनिधि परिचयपत्र प्राप्त गर्ने पत्रकारको स्वतः स्वास्थ्य तथा दुर्घटना बिमा हुने अध्यक्ष यादवले बताए । प्रेस प्रतिनिधि परिचयपत्र प्राप्त गर्न मधेस प्रदेशअन्तर्गतको जिल्लामा कम्तीमा दुई वर्षदेखि सक्रिय पत्रकारिता गर्दै आएको हुनुपर्ने प्रावधान राखिएको छ । यसका साथै प्रेस प्रतिनिधि परिचयपत्रका लागि पत्रकारले कार्यरत सञ्चारमाध्यमको नियुक्तिपत्र, सम्बन्धित सञ्चारमाध्यमको अद्यावधिक गराएको कागजात, नागरिकता प्रमाणपत्रलगायतको कागजात बुझाउनुपर्ने व्यवस्था गरिएको आमसञ्चार प्राधिकरणले जनाएको छ ।

# सवारी साधन कारबाहीबाट ९० लाख राजस्व संकलन

सर्लाही, १२ पुस

जिल्ला ट्राफिक कार्यालय सर्लाहीले चालु आर्थिक वर्षको पाँच महिनामा सवारी साधन कारबाहीबाट रु ९० लाख २७ हजार पाँच सय राजस्व सङ्कलन गरेको छ। कार्यालयका अनुसार यसअवधिमा १२ हजार ५० वटा सवारी साधन कारबाहीमा परेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी निरीक्षक ईश्वर कार्कीले पाँच महिनामा जिल्लाका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा २९ जनाको ज्यान गएको जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा दैनिक चार वटासम्म दुर्घटना हुने गरेको छ। यस अवधिमा जिल्लाका विभिन्न स्थानमा तीन सय ९७ वटा दुर्घटना भएका छन् भने दुर्घटनामा परेकामध्ये एक सय २५ जना गम्भीर घाइते भएका छन् । पछिल्ला तीन आर्थिक वर्षमा जिल्लामा दुर्घटना र त्यसमा परेर ज्यान गुमाउनेको सङ्ख्या लगातार बढ्दै गएको ट्राफिक प्रहरीको तथ्याङ्कमा उल्लेख गरिएको छ। आव २०७६/७७ मा एक सय ८४ वटा सवारी दुर्घटना भएकोमा ५० जनाको ज्यान गएको थियो । त्यस्तै आव २०७७/७८ मा ६ सय वटा सवारी दुर्घटना भएकामा ६२ जनाले ज्यान गुमाएको र आव २०७८/७९ मा आठ सय ४६ वटा सवारी दुर्घटना हुँदा ७९ जनाको ज्यान गएको ट्राफिक प्रहरीको तथ्याङ्कमा उल्लेख छ। जिल्लामा सडक र सवारी दिन प्रतिदिन असुरक्षित बन्दै गएको रौतहट सर्लाही यातायात प्रालिका अध्यक्ष राजकुमार मैनालीले बताए । सवारी दुर्घटना न्यूनीकरण गर्न सरोकारवाला निकाय बढी जिम्मेवार बन्नुपर्ने नागरिक अगुवा शिवचन्द्र चौधरीको भनाइ छ । साँघुरा सडक, सडकको दुरावस्था, लापर्बाहीपूर्ण यातायात सञ्चालन र सवारी साधनको चापका कारण सवारी दुर्घटना हुने गरेको पाइएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी व्यवस्थापन कार्यालय मधेस प्रदेशका प्रवक्ता प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले बताए । उनका अनुसार सडकमा हुनुपर्ने सचेतना र सूचना पाटी, सडक लाइनिङसमेत नदेखिने अवस्थामा रहँदा दुर्घटनाको जोखिम बढेको हो । दुर्घटना न्यूनीकरणका सम्पूर्ण उपाय अवलम्बन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी निरीक्षक कार्कीको भनाइ छ । उनका अनुसार दुर्घटना न्यूनीकरण गर्न सडकमै सचेतना कार्यक्रम चलाउनेदेखि विद्यालयमा ट्राफिक नियमसम्बन्धी कक्षा लिने गरिएको छ ।दुर्घटना नियन्त्रण गर्न नियमित र आकस्मिक सवारी चेकजाँचसँगै ट्राफिक नियम विपरीत सञ्चालित सवारी साधनहरु र तिनका चालकहरुलाई नियमानुसार दण्ड तथा जरिवानासमेत गर्ने गरिएको उनले बताए ।रासस




## चार वर्षमा पनि ....................................

निमार्ण नहुँदा खेतीपाती गर्ने किसान समेत समस्या भोग्दै आएका छन ।

किसानहरुले दैनिक रुपमा आवतजावत गरी उँखु, धान, गहुँ, मकै लगायतका कृषि कार्यका लागि चर्को भाडा तिरेर लामो बाटो प्रयोग गर्दै आएका छन । तत्कालिन संघिय मंत्री रघुविर महासेठद्धारा आर्थिक वर्ष २०७५ । ०७६ मा २७ महिना भित्र पुल निमार्णका लागि शिलान्यास गरेका थिए । ९ करोडको लागतमा दुई चरणमा निमार्ण गर्ने सम्झौता लिएका मौलापुर नगरपालिका ९ सोनरनियाका पेटी ठेकेदार आश महम्मदले हालसम्म ४० प्रतिशत मात्र कार्य सम्पन्न गरी बेपत्ता भएको कारण पुल निर्माण अलपत्र अवस्थामा पुगेको छ।

## जल विज्ञान : पोखरी ........................

सतहमा रहेको खुकुलो माटो बगेर पोखरीमा पुग्द्छ, जसले आफूसंग बोकेको रसायनिक मलका अवशेषहरुले पोखरीको पर्यावरण प्रभावित हुन जान्छ।

**अन्तमा** – पोखरीको सौन्दैर्यिकरण आफैमा अत्यन्त राम्रो कार्य त हो, तर यसले पोखरीको जलीय संतुलनमा नकारात्मक प्रभाव नपारुन्जेलसम्म मात्र । पोखरीको किनाराभित्र हुने अप्रवाही पर्खालको निर्माण निरुत्साहित गरेर अन्य विकल्पहरु जस्तै बायो ईन्जिनियरिङ्गका विधिहरु प्रयोगमा ल्याई (पोखरीको चारैतर्फ वृक्षारोपण, बुट्यान रोपण, ग्रिनवेल्ट निर्माण आदि ) पोखरी तथा भूमिगतजल बीचको जलीय संतुलन कायम राख्नप सकिन्छ ।



डिसेम्बर २६, २०२२ मा गाजा शहरको अल-शती शरणार्थी शिविरमा भारी वर्षापछि एक प्यालेस्टिनी बाढीले भरिएको सडक पार गर्दै हिँडिरहेका थिए। (फोटो सौजन्यः मोहम्मद अबेद/एएफपी)

# सन् २०२२ मा एक करोड विस्थापित

संयुक्त राष्ट्रसङ्घ, १२ पुस

द्वन्द्व, दैवी विपत्ति र जलवायु सङ्कटका कारण विश्वका दशौँ लाख मानिस आफ्नो देशभित्र वा बाह्यरूपमा विस्थापित भएका राष्ट्रसङ्घीय निकायले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदनले देखाएको छ ।

शरणार्थीसम्बन्धी राष्ट्रसङ्घीय निकाय (युएनएचसीआर)ले "यो वर्षको जाडो विश्वभरका लाखौं 'आप्रबासी शरणार्थी'का लागि निकै चुनौतीपूर्ण हुनेछ । हाम्रो विश्वले आन्तरिक विस्थापनको सङ्कटको सामना गरिरहेको छ ।

द्वन्द्व, विपत्ति र जलवायु सङ्कटजस्ता त्रासदीका कारण विश्वका उच्च सङ्ख्यामा मानिस आफ्नो देशभित्र विस्थापित भएका छन्," भनेको छ,

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गत जुनमा संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय विस्थापनसम्बन्धी कार्ययोजना सार्वजनिक गर्दै सहयोगको खाँचो रहेका मानिसलाई सहयोग पुऱ्याउनु सबैको जिम्मेवारी भएको बताएका थिए ।

उनले भने , "आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको दुर्दशा मानवीय मुद्दाभन्दा बढी छ । यसले विकास, शान्ति स्थापना, मानव अधिकार, जलवायु कार्य र विपद् जोखिम न्यूनीकरणका प्रयासहरूको संयोजनमा एकीकृत दृष्टिकोण ल्याउँछ ।"

-सन् २०२२ मा मात्र एक करोड व्यक्ति विस्थापित-

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकाय ९युएनएचसीआर०ले सन् २०२२ मा विश्वका एक करोड मानिस आफ्नो घर छोड्न बाध्य भएको मङ्गलबार जानकारी गराएको छ। संयुक्त राष्ट्रसङ्घले विभिन्न तरिकाले खाँचोमा परेकालाई सहयोग गरिरहेको पनि उक्त निकायले जनाएको छ। युएनएचसीआरका प्रमुख फिलिप्पो ग्रान्डीले यो आँकडालाई कहिल्यै स्थापित हुननहुने सङ्ख्या भनेका छन । यो सङ्ख्या सन् २०२१ मा नौ करोड रहेकोमा यस बर्ष १० करोड पुगेको छ । युक्रेन, इथियोपिया, बुर्किना फासो, सिरिया र म्यान्मारलगायत विश्वका धेरै भागहरूमा हिंसा, गरिबी र लामो द्वन्द्व आप्रवासन प्रमुख कारकहरू थिए ।

संयुक्त राष्ट्रसंघीय निकायले भनेको छ, "हजारौं हताश आप्रवासीहरूले युरोपलाई आफ्नो रोजाइको गन्तव्यको रूपमा हेरेका छन्, मानव तस्करहरूको हातमा आफ्नो जीवन थमाएका छन् र भूमध्यसागर पार गर्नेगरी खतरनाक यात्रामा निस्केका छन् ।"

यमनमा लामो द्वन्द्व सुरु भएको सात वर्ष भन्दा बढी भइसकेको छ, जसले मानवीय विपत्ति निम्त्याएको छ र ४३ लाखभन्दा बढी मानिसहरूलाई आफ्नो घर छोड्न बाध्य बनाएको छ ।गत मे महिनामा संयुक्त राष्ट्रसङ्घको आप्रवासन एजेन्सी आईओएम र युरोपेली सङ्घको मानवीय सहायता शाखा इकोले द्वन्द्वका कारण विस्थापित भएका तीन लाख २५ हजारभन्दा बढी आप्रवासी र उनीहरूलाई आश्रय दिने समुदायको आवश्यकता पूरा गर्ने प्रयासलाई तीव्रता दिने घोषणा गरेको थियो । यमनस्थित आईओएम अभियानकी प्रमुख क्रिस्टा रोटेनस्टाइनरले भने , "यमनमा आप्रवासीहरू र विशेष गरी महिलाहरूको लागि स्थिति अझ खराब हुँदै गइरहेको छ । उनीहरूले यमनमा आफ्नो जीवनमाथि थोरै नियन्त्रणको साथ गम्भीर अवस्थामा बाँचिरहेका छन् ।"

सिरियामा युद्धले ११ वर्षदेखि जनजीवन अस्तव्यस्त बनाइरहेको छ । सिरियामा जन्मिएका करिब ५० लाख बालबालिकाले कहिल्यै पनि देशलाई शान्तिपूर्वक चिनेका छैनन् । झण्डै ८० हजार भन्दा बढी सिरियालीहरूले जोर्डनको विशाल जातारी शिविरलाई 'घर' भन्छन् र तिनीहरूमध्ये धेरैले तत्कालका लागि आफ्नो देश बाहिर बस्नुपर्ने हुन सक्छ । जोर्डनको राजधानी अम्मानमा युएनएचसीआरका प्रतिनिधि डोमिनिक बार्ट्सले हालै बताए अनुसार तत्कालका लागि उनीहरूको स्वदेश फिर्तीको सम्भावना आशाजनक देखिँदैन । उनले भने , "हामीले सिरियामा स्वदेश फिर्तीका लागि अनुकूल वातावरण देखिरहेका छैनौं ।" समग्रमा, जोर्डनले सिरियाबाट लगभग छ लाख ७५ हजार दर्ता भएका शरणार्थीहरूलाई आश्रय दिन्छ, र तिनीहरूमध्ये अधिकांश स्थानीय समुदायहरूको बीचमा जोर्डनको शहर र गाउँहरूमा बस्छन् । केवल १७ प्रतिशत मात्र दुई मुख्य शरणार्थी शिविरहरू, जातारी र अजराकमा बस्छन् । पाँच वर्षअघि म्यानमारमा हजारौं रोहिङ्ग्याहरू आफ्नो घर छोडेर भागेका थिए ।

छिमेकी देश बङ्गलादेशको सीमापारी रहेको विशाल कक्स बजार शिविरमा करिब १० लाख शरणार्थी बस्छन् । यसै बर्षको मार्चमा, संयुक्त राष्ट्रसङ्घले शरणार्थीलाई घर फर्काउने आफ्नो नवीनतम योजना सुरु गरेको थियो ।

शरणार्थी र छिमेकी समुदायहरू ९पाँच लाखभन्दा बढी बङ्गलादेशीहरू० को लागि ८८ करोड १० लाख अमेरिकी डलर भन्दा बढीको लागि आह्वान गरेको थियो । यो सहायतामा अत्यधिक निर्भर छन् ।`

संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायको तथ्याङ्कअनुसार डिसेम्बरसम्ममा युरोपभरि ७८ लाखभन्दा बढी युक्रेनी शरणार्थी रहेका छन् ।

सन् २०२० को नोभेम्बरमा सुरु भएको इथियोपियाको टिग्रे क्षेत्रमा सशस्त्र द्वन्द्वका कारण लाखौं मानिस विस्थापित भएका छन् । यस वर्षको अन्त्यसम्ममा, अन्तर्राष्ट्रिय मध्यस्थतामा एक नाजुक युद्धविराम कायम भएको जस्तो देखिन्थ्यो र महिनौंसम्म दुर्गम उत्तरी क्षेत्रहरूमा सहायता फिर्ता भइरहेको थियो । साथै धेरै जना आफ्नो बिग्रिएको जीवनको पुनर्निर्माण गर्न घर फर्केका थिए ।

शिविरमा पनि सुरक्षित छैनन् शरणार्थी-

गत जनवरीमा संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायले यस क्षेत्रका शरणार्थीहरूले पर्याप्त खाद्यान्न, औषधि र स्वच्छ पानी पाउन सङ्घर्ष गरिरहेको र स्थितिमा सुधार नआए मृत्युको जोखिम रहेको चेतावनी दिएको थियो । राष्ट्रसङ्घद्वारा सम्प्रेषितसमाचार अनुसार शरणार्थीहरू पनि प्रत्यक्ष आक्रमणमा परेका छन् । उदाहरणका लागि, फेब्रुअरीमा सशस्त्र मानिसहरूले आक्रमण गरेपछि हजारौं इरिट्रियालीहरू अफार क्षेत्रको एउटा शिविरबाट भाग्न बाध्य भएका थिए ।

उनीहरूले शरणार्थी शिविरबाट सामानहरू चोरेका र त्यहाँका बासिन्दाहरूको हत्या गरेका समेत बताइएको छ ।

अगष्टसम्ममा संयुक्त राष्ट्रसङ्घीय निकायहरूले इथियोपियामा शरण लिन चाहने सात लाख ५० हजारभन्दा बढी मानिसहरूलाई सहयोग गर्न तत्काल आर्थिक सहयोगका लागि अपिल गरेका थिए ।

विश्व खाद्य कार्यक्रमले उक्त रकम प्राप्त नगरेसम्म धेरै शरणार्थीले खानका लागि केही नपाउने चेतावनी दिएको छ । यूएनएचसीआरका अनुसार युद्ध, हिंसा र मानव अधिकार उल्लङ्घनका कारण विस्थापित भएकाहरूलाई बाँच्ने आधार प्रदान गर्न विश्वभरका सरकार हरूले अत्यधिक रकम ९करिब १।१३ अर्ब अमेरिकी डलर० उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् ।

ग्रान्डीले भने , "द्वन्द्व, जलवायु आपतकालीन अवस्था र अन्य सङ्कटका कारण विश्वभरका विस्थापित मानिसहरूले अभूतपूर्व आवश्यकताको सामना गरिरहेका छन् । "सौभाग्यवश, यूएनएचसीआरका उदार दाताहरूले यी सङ्कटपूर्ण दिनहरूमा उनीहरूलाई सहयोग जारी राखेका छन्, जसले उनीहरूको सहज भविष्यको आशा जगाएको छ," उनले भने । (रासस/सिन्ह्वा)

# जापानमा तीन महिनामा चार मन्त्री फेरबदल

टोकियो, १२ पुस

जापानका पुनर्निर्माण मन्त्रीले आर्थिक अनियमितताको आरोप लागेपछि मङ्गलबार राजीनामा दिएका छन । प्रधानमन्त्री फुमियो किशिदाको मन्त्रिमण्डलबाट तीन महिनामा राजीनामा दिने चौथो मन्त्री बन्नुभएको छ । आफ्ना सहयोगी, श्रीमती र आमालाई गैरकानुनी राजनीतिक भुक्तानी गरेको आरोपमा आलोचना खेपिरहेका पुनर्निर्माणमन्त्री केन्या अकिबाले पत्रकारहरूसँग भने , "मलाई विश्वास छ कि मेरो कार्यको सन्दर्भमा कुनै अवैधता छैन ।"उनले भने , "तर बजेट र अन्य विधायिकी कार्यसूचीको काम कारबाही रोकियोस् भन्ने मेरो चाहना नरहेकोले पदबाट राजिनामा दिएको छु ।"किशिदाले आफ्नो कार्यकालको सबैभन्दा कम अनुमोदन रेटिङको सामना गरिरहेका बेला उहाँको



मन्त्रीमण्डलका चौथो व्यक्तिको राजीनामा आएको हो ।सांसदहरू र एकिकृत चर्च सम्प्रदायबीचको सम्बन्धको बारेमा एकपछि अर्को घोटाला र खुलासापछि नागरिकको क्याबिनेटबाट बढ्दो रूपमा मोहभङ्ग भएको हो । गत महिना आन्तरिक मामिला मन्त्रीले चुनावी अभियानको आर्थिक अनियमितताको आरोपमा राजीनामा दिएका थिए । उनको ' लो प्रोफाइल' कामले मृत्युदण्डको सजाय स्वीकृत गर्दा सञ्चारमाध्यममा कभरेज मात्र सिर्जना गरेको भन्दै न्यायमन्त्रीले राजीनामा दिएका थिए । अक्टोबरमा, आर्थिक पुनरुत्थानमामिला मन्त्रीले एकिकृत चर्चसँग सम्बन्ध रहेको आरोपपछि राजीनामा दिएका थिए । पूर्व प्रधानमन्त्री शिन्जो आबेको हत्याको आरोप लागेका व्यक्तिले आफ्नी आमाले प्रधानमन्त्री पूर्व प्रधानमन्त्री आबेसमेतको सम्लग्नता रहेको चर्चले आफ्नो परिवारलाई आर्थिकरूपमा निकै कमजोर बनाएको भन्दै सङ्गठनप्रति आक्रोश व्यक्त गरेको समाचार सार्वजनिक भएपछि यो सम्प्रदाय चर्चामा आएको थियो ।आधिकारिक रूपमा विश्व शान्ति र एकीकरणका लागि पारिवारिक महासङ्घको रूपमा चिनिने चर्चले कुनै पनि गलत काम गरेको अस्वीकार गरेको छ ।किशिदाको क्याबिनेटको अनुमोदन रेटिंग ३० प्रतिशतको तथाकथित 'खतराको स्तर' को नजिक रहेको छ, र जनवरीमा संसदको अर्को सत्र सुरु हुनुअघि उनले आफ्नो मन्त्रीमण्डल पुनर्गठन गर्न सक्ने अनुमान गरिएको छ। (रासस/एएफपी)

# पोखरामा राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता हुँदै



कास्की, १२ पुस

पोखरामा यही पुस १३ देखि १६ गतेसम्म राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ । देशका लागि आवश्यक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षमताका खेलाडी उत्पादन र ब्याडमिन्टन खेलको विकासको लक्ष्यसहित प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजना र कास्की जिल्ला ब्याडमिन्टन सङ्घको सञ्चालन तथा व्यवस्थापनमा पोखरा रङ्गशालामा प्रतियोगिता आयोजना गरिएको छ ।

प्रतियोगिताअन्तर्गत १२ इभेण्टमा प्रतिस्पर्धा हुने भएको सङ्घका अध्यक्ष सुशीलकुमार श्रेष्ठले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा काठमाडौँ, कञ्चनपुर, सुर्खेत, उदयपुर, धादिङ, ललितपुर, भोजपुर, सर्लाहीलगायतका २५ जिल्लाबाट तीन सय बढी खेलाडी सहभागी हुँदैछन् ।

प्रतियोगिताको खुला पुरुष एकल तथा डबलतर्फको विधामा विजेता खेलाडीको टोलीलाई जनही रु ५० हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । यसैगरी सोही इभेण्टमा द्वितीय हुनेलाई रु ३० हजार र तृतीय हुनेलाई रु २० हजार नगदको साथमा शिल्ड, मेडल र प्रमाणपत्र वितरण गर्नेछन् । प्रतियोगिताअन्तर्गत महिला एकल तथा डबल, मिक्स डबल, ३५ वर्षमाथिको डबल पुरुष उमेर समूह, ४५ वर्षमाथि डबल पुरुष, ५५ वर्षमाथि डबल पुरुषतर्फको विधामा विजेता टोलीले जनही रु ३० हजार, उपविजेताले जनही रु २० हजार र तेस्रो हुनेलाई जनही रु १० हजारको साथमा शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरिने भएको अध्यक्ष श्रेष्ठले बताए । जुनियर खेलाडीको प्रोत्साहन गर्ने उद्देश्यले १२ वर्षमुनिका खेलाडी सहभागी (यु-१२) र १७ वर्षमुनिका खेलाडी सहभागी (यु-१७) पुरुष तथा महिलातर्फको विधामा प्रतिस्पर्धा हुने भएको छ । सो इभेण्टमा विजेता खेलाडीले जनही रु १५ हजार, दोस्रो हुनेले रु १० हजार र तेस्रो हुनेललाई रु पाँच हजार नगदको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने सङ्घका सचिव फडिन्द्रप्रसाद तिमिल्सिनाले जानकारी दिए ।रासस

# नेपाल टि ट्वान्टी क्रिकेट लिगः लुम्बिनीले पोखरालाई हरायो

काठमाडौँ, १२ पुस

राजधानीमा जारी पहिलो संस्करणको नेपाल टि ट्वान्टी क्रिकेट लिग प्रतियोगिता अन्तर्गत मंगलवार भएको पहिलो खेलमा लुम्बिनी अल स्टार विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा लुम्बिनी लुम्बिनी अल स्टारले पोखरा एभेन्जर्सलाई तीन विकेटले पराजित गरेको हो । पोखराले दिएको १३४ रनको लक्ष्य लुम्बिनीले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो । लुम्बिनीको जितमा कुशल भुर्तेलले सर्वाधिक ३९ रन बनाए भनेसाडले भान स्काल्कविकले अविजित ३१ रन बनाए । साथै, उन्मुक्त चन्दले २२, अनिल शाहले १९ तथा गुल्शन झाले १० रन जोडे । बलिङतर्फ पोखराका विपीन खत्री र कुशल मल्लले समान दुई/दुई विकेट लिए भने प्रतिश जिसी, अभिमन्यु मिथुन र जाहिर खानले समान एक/एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १३३ रन बनाएको थियो । पोखराका लागि कुशल मल्लले सर्वाधिक ६१ रनको योगदान दिए । उनले ३१ बल खेल्दै पाँच छक्का र पाँच चौकाको मद्दतमा ६१ रन बनाएका थिए । त्यसैगरी उपुल थरङ्गाले ४२ रन जोडे भने विपीन खत्रीले ९ तथा आशिफ शेखले ६ रन जोडे । बलिङतर्फ लुम्बिनीका साडले भान स्काल्कविकले तीन विकेट लिए भने किशोर महतो र गुल्सन झाले समान दुई दुई विकेट लिए । त्यस्तै हरमित सिंह र सागर ढकालले समान एक/एक विकेट लिए । यस जितसँगै लुम्बिनीले जारी प्रतियोगितामा तेस्रो जित दर्ता गराएको छ ।

लुम्बिनीले ६ अङ्क जोड्दै अङ्क तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । त्यस्तै समान तीन खेल खेलेको पोखरा तीनै खेलमा पराजय भोग्दै अङ्क विहीन छ । पोखरा अङ्क तालिकाको अन्तिम स्थानमा छ । प्रतियोगितामा विभिन्न छ टोलीको सहभागिता छ । प्रतियोगिताको विजेताले रु ५५ लाख तथा उपविजेताले रु ३० लाख पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै तेस्रो हुनले रु १० लाख तथा चौथोले रु पाँच लाख पाउने छन् । रासस

# दक्षिण कोरियाका पूर्वराष्ट्रपति लीको जेल सजाय मिनाहा

सियोल, १२ पुस

दक्षिण कोरियाका पूर्वराष्ट्रपति ली म्युङ-बाकका साथै केही अन्य राजनीतिज्ञ र पूर्व सरकारी अधिकारीको जेल सजाय मिनाह गरिएको छ । दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्दै मङ्गलबार पूर्वराष्ट्रपति ली म्युङ-बाकसहितका ती अधिकारीको जेल सजायँलाई 'विशेष परि स्थिति' मिनाहा गरिदिएको हो । सन् २०१३ को फेब्रुअरीसम्म पाँच वर्ष राष्ट्रपतिको जिम्मेवारी सम्हालेका लीलाई सन् २०२० को अक्टोबरमा घूस खोरी र अनियमितता गरेको अभियोगमा १७वर्षको जेल सजाय सुनाइएको



थियो । बुधबारदेखि लागू हुने गरी जेल जीवनलाई ' विशेष मिनाह' गरी बाँकी १५ वर्षको जेल सजायबाट छुट दिइनेछ । गत मे महिनामा पदभार ग्रहण गरेयता युनले राष्ट्रपतिका रूपमा दोस्रो पटक पूर्व सरकारी अधिकारीहरूलाई क्षमादान दिएका हुन ।

(रासस/सिन्ह्वा)

# बक्यौता भुक्तानीको माग गर्दै आन्दोलनको चेतावनी

मधेशदृष्टि
जनकपुरधाम, पुस १२ ।
बक्यौता रकम यथाशीघ्र उपलब्ध नगराए पुस १५ गतेदेखि चरणबद्ध आन्दोलनमा उत्रिने उपभोक्ता संघर्ष समितिले चेतावनी दिएको छ ।
मंगलबार भुक्तानी माग्दै सम्बन्धित निकायहरुमा ज्ञापनपत्र बुझाउँदै समितिका पदाधिकारीहरुले यस्तो चेतावनी दिएका छन् ।
विभिन्न योजनाहरुको विकास निर्माणको काम गरेपनि भुक्तानी अहिलेसम्म नभएको भन्दै समितिले प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय लगायत अन्य मन्त्रालयका सम्बन्धित निकायहरुमा ज्ञापनपत्र बुझाएको हो ।
उपभोक्ता संघर्ष समितिका अध्यक्ष प्रमोद कुमार यादवको नेतृत्वमा मधेस प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र पूर्वाधार विकास कार्यालयमा ज्ञापनपत्र बुझाइएको छ ।
ज्ञापनपत्रमा गत आर्थिक वर्ष ०७८/०७९ मा उपभोक्ता समितिहरुले विभिन्न विकास



निर्माणका कामहरु गरेपनि उनीहरुले भुक्तानी लिन हालसम्म भने बाँकी नै रहेको र उपभोक्ता समितिले पटक-पटक ताकेदा गर्दा पनि हालसम्म बक्यौता रकम उपलब्ध नगराउंदा उपभोक्ताहरु बिच्चलिमा परेको उल्लेख छ ।
साथै व्यापारीहरुसँग निर्माण सामग्रीहरु चेकमार्फत उधारो किनेको र हाल सो चेकहरु बाउन्स हुँदै गएकोले अब आफूहरु असहज परिस्थितिमा पुगेको समेत ज्ञापनपत्रमा भनिएको छ । उपभोक्ता समितिलाई अविलम्ब भुक्तानीको व्यवस्था मिलाइ दिन हुन अनुरोध गर्दै यथाशीघ्र उपलब्ध नगराइए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी दिइएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयको मात्रै ३२ वटा योजनाको करोडौं रकम भुक्तानी गर्न बाँकी रहेको छ । यसमा अन्य मन्त्रालयहरुमा गरेको कामकाज पनि रहेको छ । अन्य मन्त्रालयहरुको पनि विभिन्न उपभोक्ता समितिहरुको करिव १ अर्ब भुक्तानी गर्न बाँकी छ । यसअघि गत मंसिर २५ गते उपभोक्ता समितिले मधेस प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय लगायत मन्त्रालयहरु घेराउ गर्दै प्रदर्शन गरेको थियो ।
काम गरेको महिनौ बितिसक्दा पनि भुक्तानी नपाएकोले यथाशीघ्र आफूहरुको भुक्तानी हुनुपर्ने माग गर्दै समितिका पदाधिकारीहरुले नारा जुलुससहित प्रदर्शन गरेका थिए ।
आर्थिक वर्ष २०७५/०७६ मा पनि प्रदेश सरकारको योजनाको भुक्तानी बक्यौता रहन गएपछि दुई वर्ष कानून संशोधन गरी भुक्तानी गरिएको थियो । सो क्रममा मुख्यमन्त्री लालबाबु राउतको तस्वीरमा जुता प्रहार लगायतका आन्दोलन समेत गरेका थिए ।

# चर्को ब्याज दर विरुद्ध आन्दोलन जारी

मधेशदृष्टि
वीरगंज, पुस १२ ।
नेपाल राष्ट्र बैंकको चालु पूँजी कर्जा निर्देशिका तथा बैंकहरुको चर्को ब्याज दरका विरुद्ध वीरगञ्ज उद्योग वाणिज्य सङ्घ आन्दोलनमा उत्रेको छ ।
नेपाल राष्ट्र बैंकको गलत आर्थिक नीतिले बजार व्यवसाय तहसनहस भएको भन्दै सङ्घको नेतृत्वमा उद्योगी व्यवसायीहरु आन्दोलनमा उत्रेका हुन ।
आन्दोलनको मंगलवार तेश्रो दिन व्यवसायिक प्रतिष्ठान अगाडि चालु पूँजी कर्जा निर्देशिकाको बिरोधमा ब्यानरहरु झुण्ड्याउनुका साथै हातमा कालो पट्टी बाँधी बिरोध जनाएको र पुस १३ गते बुधवार नेपाल राष्ट्र बैंक अगाडि धर्ना दिने कार्यक्रम रहेको सङ्घका अध्यक्ष डा. सुबोध कुमार गुप्ताले जनाएको छ ।
राष्ट्र बैंकको गलत मौद्रिक नीति र फितलो अनुगमनको कारण प्रायः बाणिज्य बैंकहरुले बजारमा तरलताको अभाव देखाएर मनोमानी किसिमले ब्याज वृद्धा तथा विभिन्न नीतिगत जटिलताका विरोधमा आन्दोलन गर्नुपर्ने बाध्यता आएको अध्यक्ष गुप्ताले बताए ।




बिरोध कार्यक्रममा संघका पदाधिकारी, कार्यसमिति सदस्य, उद्योगी, व्यापारी, नागरिक समाज, कर्मचारी लगायतको उपस्थिति रहेको थियो । यस अघि संघले पहिलो दिन चर्को ब्याज दर र चालु पूँजी कर्जाको साङ्केतिक बिरोध स्वरुप वीरगञ्ज उद्योग बाणिज्य सङ्घको कार्यालय र नेपाल राष्ट्र बैंकको मुख्यद्वार अगाडि विभिन्न नाराहरु लेखिएको ब्यानरहरु झुण्डयाएका थिए ।
वीरगञ्ज उद्योग वाणिज्य सङ्घबाट निस्केको ¥यालीले वीरगञ्ज नगरको परिक्रमा गर्दै स्थानीय पसलेहरुलाई विरोध ब्यानर वितरण, कालोपट्टी बाँध्न अनुरोध गर्दै घण्टाघरमा पुगेर सम्पन्न भएको थियो । घण्टाघरमा कोणसभालाई सम्बोधन गर्दै सङ्घका अध्यक्ष डा. गुप्ताले मुलुक आर्थिक रुपले सङ्कट तर्फ उन्मुख भइरहेको तर्फ सङ्केत गर्दै शीघ्र चर्को ब्याज दर र चालु पूँजी कर्जाको अव्यवहारिक र निजीक्षेत्र अमैत्री प्रावधान हटाउन जोडदार माग गरेका थिए ।

# मोटरसाइकल चोरी आरोपमा ४ पक्राउ

मधेशदृष्टि
वीरगंज, पुस १२ ।
मोटरसाइकल चोरी आरोपमा पक्राउ परेकाहरुलाई जिल्ला प्रहरी कार्यालय पर्साले मंगलवार सार्वजनिक गरेको छ ।
मोटरसाइकल चोरीको आरोपमा वीरगञ्ज महानगरपालिका वडा नं. २६ निवासी बर्ष २० का रामप्रवेश पटेल, सोही ठाउँ बस्ने बर्ष २६ का अशोक पटेल, भारत बिहार पुर्वी चम्पारण रतनपुर बस्ने बर्ष १९ को शिवम पाण्डे र वीरगञ्ज महानगरपालिका वडा नं २४ बस्ने बर्ष २० को आकाश तिवारीलाई प्रहरीले पक्राउ गरि सार्वजनिक गरिएको हो ।
धोबिनी गाउँपालिका वडा नं ४ बस्ने रामबाबु कुमार



गुप्ताको प्रदेश २-०३-००७ प १७६६ नम्बरको मोटरसाइकल वीरगञ्ज महानगरपालिका वडा नं. ८ स्थित नेपाल टेलिकम दुरसंचार कार्यालय अगाडी पार्किङ गरी राखिएको अवस्था चोरी गरेको आरोपमा राम प्रवेश पटेललाई पक्राउ गरियो र अनुसन्धानको क्रममा थप तीन जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरिक्षक दिपक गिरीले बताएका छन ।
वडा प्रहरी कार्यालय बिर्ताको टोलीले पटेललाई पक्राउ गरेको थियो । पटेलको बयानका आधारमा थप तीन जनालाई चोरीको मोटरसाइकल सहित पक्राउ गरेको प्रहरी नायब उपरिक्षक गिरीले जानकारी दिए ।
प्रहरीले पटेलको सूचनाको आधारमा पक्राउ परेका तीन जनाको साथबाट ना ५२ प ५०२४, ना २७ प ७८४७, ना ११ प ११२१, ना ५३ प ७१०६, ना ३७ प ९८१८, ना ४६ प ८६२७ र म.प्र.०३-००८ प ७१८६ नम्बरका ७ थान मोटरसाईकलहरू बरामद गरेको हो ।
उनीहरुलाई चोरी सम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट ७ दिनको म्याद लिइ थप अनुसन्धान भैरहेको प्रहरी नायब उपरिक्षक गिरीले बताए ।

# गुलरियाको जग्गा बारे अख्तियारको चासो



मधेशदृष्टि
वीरगंज, पुस १२ ।
पर्साको धोवनी गाउपालिका वडा नम्बर ३ गुलरियामा रहेको सार्वजनिक जग्गा बारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चासो देखाएको छ ।
तत्कालिन गाउँ बिकास समिती हरिहरपुरका ९ मा रहेको ४ बिगहा सार्वजनिक जग्गालाई माफियाहरुले आफनो नाउमा दर्ता गराएपछि अख्तियारले छानबिन गर्न नापी शाखा पर्सालाई पत्राचार गरेको बुझिएको छ । प्राप्त जानकारी अनुसार तत्कालिन हरिहरपुर गाबिस ९ किता नम्बर,४०७ को १ बिगहा १० कठ्ठा १० धुर, किता नम्बर ४२३ को १ बिगहा १८ कठ्ठा १४ धुर लगाएतको जग्गा २०२२ को नापीमा नदि तथा बालुवा लेखेपनि माफियाहरुले सो जग्गालाई किर्ते गरि आफनो नाउमा दर्ता गराएपछि रहस्य बाहिरएको हो । देशभरका स्थानिय तहले हाल ऐलानी तथा सार्बजनिक जग्गाहरु छुटयाउन पहल गरिरहेको बेला धोबिनी गाउँपालिकाले कुनै पहल नगरेको स्थानीयको गुनासो रहेको छ ।

# पोखरिया समग्र विकासको बैठक सम्पन्न

मधेशदृष्टि
वीरगंज, पुस १२ ।
पोखरिया नगरपालिकाको नगर विकास तथा राष्ट्रिय योजना आयोगको संयुक्त आयोजनामा पोखरीयाका समग्र विकासका लागि सर्वदलिय बैठक सम्पन्न भएको छ ।
नगर प्रमुख प्रद्युमन प्रसाद चौहानको अध्यक्षतामा मंगलवार सम्पन्न सर्वदलीय बैठकमा ,उपप्रमुख रूबी कुमारी ठाकुर, पोखरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियार, वडा अध्यक्षहरुको सहभागिता रहेको थियो ।
बैठकमा पोखरीयामा खानेपानीको व्यवस्था मिलाउने, बाजार व्यवस्थापन गर्ने, अटो ईरिक्साको पार्क निर्माण गर्ने मठ मन्दिर मस्जिदको व्यवस्थापन, बिधालय, सडक नालाको निर्माण लगायतको विषयमा छलफल भएको जनाइएको छ ।
सो बैठकमा वडाध्यक्षहरु लक्ष्मण साह कानू , महेन्द्र महतो चाई , रामप्रबेश महतो चाई, प्रमानन्द प्रसाद कुर्मी, नौसाद आलम, सोनालाल साह गोड, कार्यपालिका सदस्यहरु राधा साह कानू , अजय कुमार कलवार, रामबचन प्रसाद यादव , पूर्व सांसद रामेश्वर प्रसाद रौनियार ,नेता नेजामोद्दिन समानी ,रामबाबू बैठा , श्रीकिसून प्रसाद चौहान , राधा बैठा ,राजू गिरी, बद्री प्रसाद चौरसिया, लगायतका सहभागिता रहेको थियो ।

# अपार्टमेन्ट निर्माण अन्तिम चरणमा

मधेशदृष्टि
वीरगंज, पुस १२ ।
वीरगंजमा निर्माणाधीन राधेकृपा अपार्टमेन्टको काम अन्तिम चरणमा पुगेको छ ।
यो अपार्टमेन्टको निर्माण १९ महिना अघि सुरु भएको थियो । अपार्टमेन्ट संचालक प्रभात रूगटाका अनुसार ९७ प्रतिशत काम सकिएको र ३ प्रतिशत फिनिसिङको काम बाँकी रहेको छ । फागु पूर्णिमासम्ममा अपार्टमेन्ट पूर्ण रुपमा तयार हुने उनले बताएका छन ।
अपार्टमेन्टका ४६ वटा युनिटमध्ये ११ वटा बुकिङ भइसकेको रूगटाले जानकारी दिए ।
कुल ४६ वटा युनिटमध्ये अढाइ करोड पर्ने तीन बीएचके को २६ वटा र ३ करोड ७० लाख पर्ने चार बीएचके को ११ वटा र सवा चार करोड पर्ने पाँच बीएचके को ९ वटा रहेको छ ।
वीरगंजका सातजना व्यवसायीहरुको संयुक्त लगानीमा यो अपार्टमेन्ट निर्माण भइरहेको हो ।
यो अपार्टमेन्टमा करीब १ अर्ब १० करोडको लगानी छ । अपार्टमेन्टमा रुगटासँगै अमित अग्रवाल, मनिष अग्रवाल, प्रेम जाटिया, सचिन खण्डेलवाल, पशुपति खण्डेलवाल, रोहित चाचानको लगानी रहेको छ ।

# नक्कली नोट सहित ३ जना पक्राउ

मधेशदृष्टि
बारा, पुस १२ ।
नक्कली नेपाली नोटसहित बाराको आदर्शकोतवाल गाउँपालिका-६ हरनैया चोकबाट प्रहरीले ३ जना पक्राउ गरेका छन् ।
प्रहरीले नेपाली ३ लाख ४० हजार रुपैया नक्कली नोट सहित उनीहरुलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।
प्रहरीका अनुसार नेपाली १ हजार रुपैयाँ दरको नक्कली नोटसहित उनीहरूलाई पक्राउ गरेको हो ।
३ सय ४० थान नक्कली नोटसहित सोही गाउँपालिका-६ पटेर्वा बस्ने २१ वर्षीय रामसिनाही कुर्मी, रविलाल साह र विवेक कुशवाहा सहितका ३ जनालाई शुक्रवार दिउँसो पक्राउ गरिएको प्रहरीले जनाएको छ ।
ललितपुर प्रहरीको मुद्दा रहेकाले हामीले पक्राउ परेकाहरुलाई सो प्रहरी कार्यालयलाई जिम्मा लगाई सकेको जिप्रका बाराले जनाएको छ । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी परिसर ललितपुर र इलाका प्रहरी कार्यालय महेन्द्रआदर्शबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त नक्कली नोट र २ वटा भारतीय नम्बरको मोटरसाइकलसहित फेला पारी पक्राउ गरेको हो ।

# हराएको हतियार फेला पर्‍यो

मधेशदृष्टि
वीरगंज, पुस १२ ।
नेपाल भारत सिमा स्थित रक्सौल एसएसबीको क्याम्पबाट हराएको हतियार सहितको एक ब्याग प्रहरीले फेला परेको छ ।
गएराति चोरको समूहले एसएसबीको बोडर आउट पोष्टमा ब्यागमा राखिएको हतियार सहित गोली चोरी गरी लगेपछि सिमा क्षेत्रमा मंगलवार देखि सुरक्षा कडा बनाईएको थियो । नेपाल तथा भारतका दुवै प्रहरी अधिकारीहरुले चोरी भएको हतियारको झोला खोजी गर्ने क्रममा दशगजा क्षेत्र नजिकै परालमा लुकाएर राखेको अवस्थामा गोली र हतियार सहितको ब्याग बरामद भएको भारतीय प्रहरीले जनाएको छ ।
चोरी गर्ने अपराधी भने फरार भएको र निजको खोजतलास भई रहेको भारतीय एसएसवी फोर्सका अधिकारीले जनाएका छन । एसएसवी फोर्सकै क्याम्पबाट हतियार सहितको झोला गायब भएपछि विहान वीरगंज रक्सौल नाकामा कडा चेकजाँच गर्नुका साथै २ घण्टा सिमा बन्द समेत गरिएको रक्सौल स्थित सहकर्मी राजेश केशरीवालले जानकारी दिएका छन् ।

रोजगार बनौ ! Admission Open रोजगार बनौ !
जनकपुर अंचल भरिमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल एकमात्र सु-प्रसिद्ध तालिम केन्द्र

शंकर टेक्निकल

शैक्षिक सत्र २०७९/०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट खाली रहेको हुनाले C.T.E.V.T. को कुनै पनि संकायबाट प्रवेश परिक्षा उतिर्ण विद्यार्थीहरुले ७ दिन भित्र आफनो शैक्षिक प्रमाण पत्र सहित निवेदन दिन हुनकालागि जानकारी गराउँद छौ ।संचालनका लागि आवदेन फारम भर्ने सम्बन्धि अत्यन्त जरुरी सुचना !

DIPLOMA PROGRAMMS

ल्याव टेक्निसियन (C.M.L.T.) ३ बर्षे

PRE-DIPLOMA PROGRAMMS

बिद्युत सब-ओभरसियर (E.S.O.) १८ महिने ।
सिभिल सब-ओभरसियर (C.S.O.) १८ महिने ।
सर्भे ईन्जिनियरिंग (अमिन नाप) १८ महिने ।

कोर्षहरुमा Diploma को लागि S.L.C. पास तथा SEE मा न्यूनतम 2 GPA तथा प्रि-डिपलोमाको लागि S.L.C. पास तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ-आफ्नोसिट सुरक्षित राखी मौकाको फाइदा उठाउनुहोस् ।

सम्पर्क स्थान:
शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर
जिरोमाइल (कवरगाह देखि दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम-७
☎041–421362, 9812091464, 9854020564, 9844038367

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल